संवत् २०७७ को
जगदम्बा-श्री
तथा
मदन पुरस्कार
समर्पण समारोह

२०७८।०७।२४।०४

कार्यक्रम

सभारम्भ

मदन पुरस्कार गुठी अध्यक्ष कुन्द दीक्षितबाट स्वागत

गुठीका अध्यक्षबाट पुरस्कार अर्पण

श्री गौतमवज्र वज्राचार्यबाट विद्वत् प्रवचन

जगदम्बा-श्रीद्वारा सम्मानित श्री भैरवबहादुर थापाज्यूको उद्गार

मदन पुरस्कारद्वारा सम्मानित *लिम्बुवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह*का स्रष्टा श्री भगिराज इङ्नामज्यूको उद्गार

गुठीका सदस्य सचिव कल्पना पराजुलीज्यूबाट धन्यवाद ज्ञापन

सभा विसर्जन

ॐ असतोमा सद्गमय। तमसोमा ज्योतिर्गमय। मृत्योर्मा अमृतंगमय॥

ॐ शान्तिः! शान्तिः! शान्तिः!

आदरणीय गौतमवज्र वज्राचार्यज्यू, सम्मानित भैरवबहादुर थापाज्यू र भगिराज इङ्नामज्यू तथा सम्पूर्ण विद्वान्-विदुषी र मित्रहरू।

कोभिड महामारीको सङ्कट टरिसकेको छैन। त्यसैले थोरै सङ्ख्यामा आज हामी प्रत्यक्ष र धेरैजना अनलाइन मार्फत् जोडिएका छौँ। भाषा, साहित्य, संस्कृति, इतिहास तथा नेपालका विविध पक्षहरूले हामीलाई एकै ठाउँमा ल्याएको छ। हामीसँग जोडिनुहुने यहाँहरू सबैलाई हार्दिक स्वागत।

हाम्रा अग्रजप्रति हार्दिक नमन। गुठीको कल्पना गर्ने, प्रबन्ध मिलाउने र यसैमा जीवनभर समर्पित संस्थापक कमल दीक्षितको स्मरण गर्दछु। गुठीको आधार तयार गरिदिने मदनशमशेर तथा रानी जगदम्बालाई पनि सम्झन्छु। गुठीसँग सँगै हिड्ने, हिड्नलाई प्रेरणा दिने, माया गर्ने र सल्लाह-सुझाव दिने सबैलाई हार्दिक धन्यवाद।

इतिहासकार गौतमवज्र वज्राचार्यज्यू, यहाँका प्रेरणादायी कामले हामीलाई प्राचीन ग्रन्थ परम्परा, चाडपर्व र तिनीसँग जोडिएर आउने मानव तथा ऋतुसंस्कृतिको सम्बन्धका विषयमा बुझ्न र सोच्न प्रेरित गर्नेछ। हाम्रा सांस्कृतिक चाडपर्व र हाम्रा पुर्खाहरू हजारौँ वर्षदेखि कसरी ऋतुसंस्कृतिसँग जोडिएका थिए र सोही आधारमा आफ्ना परम्पराहरू धानिरहेका थिए भन्ने कुरा पुनः सम्झाइदिनु भएको छ। यहाँलाई काठमाण्डौँमा प्रत्यक्ष भेट्न सकेनौँ तर प्रविधि मार्फत् यहाँलाई भेट्नेछौँ, सुन्नेछौँ। हाम्रो अनुरोधलाई स्वीकारिदिनु भएकोमा हार्दिक धन्यवाद।

भैरवबहादुर थापाज्यू, नेपाली नृत्य विधालाई यो उचाइमा ल्याइपुऱ्याउनका लागि यहाँले गर्नुभएको अध्ययन, अनुसन्धान र प्रयोगात्मक ज्ञान नेपाली जनका निम्ति अविस्मरणीय छ र रहनेछ। हालै प्रकाशित यहाँको पुस्तकले ६५ वर्ष लामो यहाँको अनुभव, अध्ययन, मञ्चनका अभ्यास तथा सैद्धान्तिक व्याख्या सबैलाई एकैठाउँ ल्याएको छ। यहाँको यो योगदान कैयौँ पुस्ताका लागि प्रेरणाको स्रोतका रूपमा रहनेछ। यहाँलाई हार्दिक बधाई। शुभकामना।

भगिराज इङ्नामज्यू, यहाँको पुस्तक *लिम्बुवानको ऐतिहासिक दस्तावेज सङग्रह सम्वत् (१७१९-२०२०)लाई* मदन पुरस्कारबाट सम्मानित गर्न सक्दा हामीले नेपाली समाज, इतिहास, भूगोल, संस्कृति र नेपाल राज्यको विकासक्रम हेर्ने तथा बुझ्ने फरक सन्दर्भ सामग्री भेटाएका छौँ। नेपाली इतिहासका प्राथमिक सामग्रीहरूको यो सङ्कलन र पहुँचले हाम्रा व्याख्या, बुझाइ तथा सम्बन्धहरूलाई अझ व्यापक, फराकिलो र भविष्यमुखी बनाउने आशा लिएका छौँ। यसका अतिरिक्त यहाँको कामले फरक-फरक भूगोलका हाम्रा घर-समुदायमा रहेका यस्ता दुर्लभ सामग्रीहरू विस्तारै जनसमक्ष ल्याउन प्रेरणा मिल्नेछ भन्ने पनि आशा गरेका छौँ। यस निम्ति यहाँलाई हार्दिक बधाई।

अन्त्यमा, आदरणीय विद्वद्जन्, यो वर्ष हामी दुई फरक ठाउँबाट यहाँहरूसँग जोडिएका छौँ। समारोहमा गौतमवज्रजी अमेरिकाबाट र हामी ललितपुरस्थित कमलमणि थिएटरबाट जोडिएका छौँ। हामीले भोगिरहेको यो कठिन समयमा सबैसँग प्रत्यक्ष भेट्न र आशीर्वाद लिन सकेनौँ। निश्चित दूरी कायम गरेर बस्न सकियोस भन्ने सोचेर निम्ता पनि उमेर समूहलाई ध्यानमा राख्दै सकेसम्म थोरै मात्र गरेका हौँ। यसका लागि हामी दुःखी छौँ। सदाझैँ यहाँहरूको स्नेह पाइराखौँ। यहाँहरूको आशीर्वाद लागिरहोस्। यहाँहरू सबैमा स्वस्थ जीवन र दीर्घायुको कामना।

गौतमवज्र वज्राचार्यज्यूको विद्वत् प्रवचन

ऋतु संस्कृतिः वैदिक एकाष्टका र कृष्णाष्टमी

मदन पुरस्कारबाट सम्मानित भगिराज इङ्नामज्यू तथा जगदम्बाश्रीबाट सम्मानित भैरवबहादुर थापाज्यूलाई मेरो बधाई। यहाँ उपस्थित हुनुहुने र अन्य माध्यमबाट मेरो प्रवचन सुन्नुहुने सबैलाई मेरो नमस्कार। यस्तो शुभ अवसरमा विद्वत्प्रवचन दिनको लागि मलाई आमन्त्रण गर्नुभएकोमा मदन पुरस्कार गुठीलाई विशेष गरी गुठीका अध्यक्ष कुन्दमणि दीक्षितज्यूलाई मेरो कृतज्ञता ज्ञापन गर्दै म आफ्नो प्रवचन शुरू गर्छु। मेरो प्रवचनको शीर्षक छ "ऋतुसंस्कृति: वैदिक एकाष्टका र कृष्णाष्टमी"।

ऋतु शब्दको साधारण माने मौसम हो तापनि वर्षा ऋतु सबभन्दा महत्त्वपूर्ण ऋतु भएको हुनाले वैदिक साहित्यमा झरी वर्षाद शुरू भयो र हरियो घाँसपात उम्रन थाल्यो भनेर वर्णन गर्दा खेरि ऋतावागते "ऋतु आएपछि" भनेर लेखिएको पाइन्छ। त्यसैले वर्षा ऋतुसँग सम्बन्ध राख्ने संस्कृतिलाई मैले ऋतुसंस्कृति (Monsoon Culture) भन्ने गरेको हुँ (Gautama V. Vajracharya, Frog Hymns and Rain Babies: Monsoon Culture and the Art of Ancient South Asia, 2013)।

ईस्वी पूर्व पन्ध्रौँ शताब्दीतिर संस्कृत बोल्ने वैदिक आर्यहरूको भारतमा आगमन हुनुभन्दा पनि पहिले हिमालयको दक्षिण भागमा यस संस्कृतिको जग बसिसकेको थियो। यो पुरानो संस्कृति अहिले पनि जीवित छ। भौगोलिक वातावरणको आधारमा बनेको हुनाले धर्म अथवा राजनैतिक सीमासँग यसको सम्बन्ध थिएन र छैन। ग्रीष्म ऋतुको अन्त्यमा पानी पर्न थालेपछि उम्रेका घाँसपात र अनाजको आधारमा गाईवस्तु पाली जीविका गर्ने दक्षिण एशियाको प्राचीन मानव जातिको संस्कृति हो यो। यहाँ जन्मेका र हुर्केका विभिन्न धार्मिक परम्परा र विचारधारा यही

संस्कृतिका उपज हुन्। भारत र नेपालको संस्कृतिमा देखिने समानता पनि यतैबाट शुरू भएको हो।

अफगानिस्तानमा हिमपातको दृश्य (Albawaba News फेब्रुअरि ५, २०१७)

दक्षिण एशियाको खडेरी (Quartz India, मे २४, २०१६)

वैदिक साहित्य दक्षिण एशियाको सबभन्दा पुरानो साहित्य भएको हुनाले यस साहित्यमा पाइने ऋतुसंस्कृतिसँग सम्बन्ध राख्ने विषयहरू अन्वेषणको लागि सबभन्दा बढी उपयोगी भएका छन्; तर विचारणीय कुरो के छ भने आफूलाई आर्य भन्ने वैदिक मान्छेहरूको मूलघर हिन्दुकुश पर्वतशृङ्खलाको पश्चिमतिर थियो। तीन चार महिनासम्म राम्रोसँग घाम नलाग्ने, दिनका दिन भने जस्तै हिमपात हुने, हिउँ पग्लेपछि मात्रै खेती शुरू हुने चिसो देशबाट उनीहरू आएका हुन्। यस्तो चिसो ठाउँमा लामो समयसम्म जीवजन्तुहरू पनि हिउँबाट ज्यान जोगाउनको लागि झारपातभित्र, ढुङ्गाको खोँचमा अथवा भुँइभित्र लुकेर बस्छन्। वसन्त ऋतुको घामले हिउँ पग्लँदै गएपछि घाँस पलाउन थाल्छ। अनि

गाईवस्तुहरू गोठबाट बाहिर आउँछन् र खुशी भएर उफ्री-उफ्री नाच्छन्। यस्तो जाडो देशमा अग्नि र सूर्यको ठूलो महत्त्व हुनु स्वाभाविकै भयो। यी देवताहरूको वर्णन वैदिक साहित्यमा जताततै पाइन्छन्। यो त हिमसंस्कृति (Hibernation culture) को कुरो भयो।

यस्तो संस्कृतिमा हुर्केका आर्यहरू उत्तर भारतमा बस्ती बसाएपछि मात्रै ऋतुसंस्कृतिसँग परिचित हुन थाले। हिउँ पर्दाखेरि आगो बालेर घरभित्र बस्नुपर्ने समस्या यहाँ भएन, तर यहाँको समस्या अर्कै रहेछ भन्ने कुरा बुझ्न उनीहरूलाई धेरै समय लागेन। हिउँदमा होइन कि ग्रीष्म ऋतुमा गाईगोरूलाई हरियो घाँस दुर्लभ हुने तथा वर्षाद शुरूभएपछि जताततै हरियो हुने देखेपछि उनीहरूले वर्षा ऋतुको महत्त्व थाहा पाए। वर्षा अरू ऋतु जस्तो होइन, यो अनियमित छ, कहिले ढिलो आउँछ, कहिले आउँदै आउँदैन र गाईगोरूहरू मात्र होइन अरू जीवजन्तुहरूलाई पनि मुश्किल पर्छ भन्ने कुरा ऋग्वेद र अथर्ववेदको रचना हुँदाखेरि नै उनीहरूले अनुभवद्वारा सिकिसकेका थिए। त्यसैले वैदिक साहित्यमा हिमसंस्कृति र ऋतुसंस्कृतिसँग सम्बन्ध राख्ने दुबै कुरा पाइन्छन्। ऋग्वेद सबैभन्दा पुरानो वैदिक ग्रन्थ भएको हुनाले यसमा ऋतुसंस्कृतिका कुरा कम् छन् किनकि नयाँ बसोवासको हावापानी बुझ्न वैदिक आर्यहरूलाई केही समय लागेको थियो।

हिमपात हुने देशमा अरू जीवजन्तु जस्तै भ्यागुता पनि हिउँदभरि भुइँभित्र लुकेर बस्छन्। वसन्त ऋतुको घामले हिउँ पगालेपछि मात्र भुइँबाट बाहिर आउँछन् र ट्वार्ट ट्वार्र कराउन थाल्छन्, तर दक्षिण एशियामा चर्को घामबाट बँच्न भ्यागुता ग्रीष्म ऋतुभरि भुइँभित्र लुकेर बस्छ वर्षाद शुरू हुनासाथ बाहिर आउँछन् र कराउन थाल्छन्। दक्षिण एशियाका प्राचीन मान्छेहरूको विचारमा पानी परेपछि भ्यागुतो कराउने होइन, भ्यागुतो कराएपछि पानी पर्छ भन्ने थियो। यसरी भ्यागुतो पानी पार्न सक्ने देवताको रूपमा परिवर्तन भयो। वर्षादमा पानी परेपछि हरियो घाँसपात प्रशस्त पाइने

र गाईवस्तु सजिलैसँग हुर्कने हुनाले भ्यागुतोको प्रार्थना गऱ्यो भने गोधनको समृद्धि हुन्छ भन्ने विचार ऋग्वेदको मण्डूकसूत्रमा स्पष्टसँग उल्लेख भएको छ। दक्षिण एशियाको ऋतुसँग सम्बन्ध राख्ने यो पुरानो विचार हिमसंस्कृतिमा हुर्केका वैदिक आर्यहरूको मौलिक विचार हुनु सम्भव छैन। वास्तवमा ऋग्वेदको रचना भएको समयदेखि नै वैदिक आर्यहरूले ऋतुसंस्कृतिका केही महत्त्वपूर्ण रीतिरिवाज पूर्णतया अपनाइ सकेका थिए भन्ने कुराको उदाहरण हो यो।

भ्यागुतो कराउने समयमा वैदिक आर्यहरूको वार्षिक पठनपाठन शुरू हुन्थ्यो। पछि गएर यो परम्परा उपाकर्म (वेद पढ्ने दिनको प्रारम्भ) को नामले प्रसिद्ध भयो। अहिले पनि श्रावण शुक्ल पूर्णिमाको दिन ब्राह्मणहरूको उपाकर्म गर्ने चलन कतै गएको छैन तर आश्चर्यको कुरा के छ भने यही पूर्णिमाको दिन नेवारहरू भ्यागुताको पूजा गर्छन् र भ्यागुतोलाई गेडागुडी चढाउँछन्।

उपाकर्मको दिनमा भ्यागुतोको पूजा

उपाकर्मको विधि

नेवारीमा यो दिनको नाम व्याँचा नकेगु "भ्यागुतालाई खुवाउने" दिन भन्ने चलन छ। मैले Frog Hymns and Rain Babies भन्ने ग्रन्थ लेख्दा नेवारहरूको यो चलन र उपाकर्म एकैदिन पर्नु काकताली हुन सक्दैन भन्ने

लागेको थियो। बलियो प्रमाणको अभावमा विशेष जोड दिएर लेख्न सकेको थिइन, तर हालैको मेरो अनुसन्धान अनुसार दुईवटा महत्त्वपूर्ण कुरा पहिलेभन्दा निकै बढी स्पष्ट भएका छन्। पहिलो कुरा, ऋग्वेद आदि प्राचीन ग्रन्थको निर्माण भएको वेलामा श्रावणशुक्ल पूर्णिमा अथवा जनैपूर्णिमा आजभोलि जस्तो वर्षादको अन्त्यमा होइन कि उठानमा पर्दथ्यो। त्यसैले हरियो घाँस उम्रन थालेपछि उपाकर्म गरिनु पर्छ भनेर कुनै कुनै वैदिक ग्रन्थमा स्पष्टतया लेखिएको पाइन्छ (Electronic Journal of Vedic Studies Vol. 3, Issue 2, 2016: 3-17.)। श्रावण शुक्ल पूर्णिमा पछि लगत्तै आउने भाद्र महिना वर्षा ऋतुको पहिलो महिना थियो भन्ने कुरा रामायण जस्तो पुरानो संस्कृत ग्रन्थबाट पनि बुझ्न सकिन्छ।

दोस्रो कुरो गाई पाल्ने प्राचीन गोठालाहरूको जीवनचर्या र विचारसँग सम्बद्ध छ। शरद् ऋतु आउनुभन्दा केही दिन अघि गाईले पेट बोक्यो भने वर्षा ऋतुको प्रारम्भमा हरियो घाँस प्रशस्त पाइने वेलामा ब्याउँछ र गाई र बाच्छोको स्वास्थ्य राम्रो हुन्छ भन्ने उनीहरूको विचार थियो। त्यसैले उनीहरू गाई गोरूलाई एकै ठाउँमा राख्दैन थिए। शरद् ऋतु आउनुभन्दा केही दिन अघि मात्रै वृषोत्सर्ग भन्ने विधिविधान गरेर गोरूलाई छाडिदिन्थे। वृषोत्सर्गको दिन आजभोलि तिहारमा पर्छ। नेवारहरू यही दिन नेपाल संवत्को उठान मानी डिम्ब अर्थात् आमाको पेटमा भरखरै जन्म लिएको बच्चाको प्रतिनिधित्व गर्ने देवता जम्भललाई त्यही नामको ठूलो फलको रूपमा पूजा गरेर ह्मपूजा मनाउँछन्।

नेपाल संवत्को उठानमा गरिने मोपूजाको दृश्य

गाईजात्राको दिन बालकृष्णको रूपमा बच्चा

नेपालीमा यो दिनलाई गोरूतिहार भन्ने चलन छ। तिहारमा पेट बोकेको गाई २८३ दिनपछि जनैपूर्णिमा अथवा गाईजात्रातिर ब्याउँछ। वास्तवमा गाईजात्रा गाईले बाछो पाउने दिनको उत्सव हो। त्यसैले गाईजात्राको दिन केटाहरू गाईको मुकुन्डो लगाएर बाछोको रूपमा शहर परिक्रमा गर्छन् (G. Vajracharya, "Nepal Samvat and Vikrama Samvat: Discerning Original Significance," "https://www.asianart.com/articles/gvv-lecture/index.html)। तिहारदेखि गाईजात्रासम्मको समयावधिलाई प्राचीन वैदिक ग्रन्थहरूमा संवत्सर भन्ने चलन थियो। संवत्सरको शाब्दिक अर्थ सं+वत्स+र "राम्रो बच्चा (पेटमा) भएको वेला" भन्ने हुन्छ। संवत्सरको अन्त्यमा भ्यागुता कराउन थालेपछि वेदको अध्ययन शुरू हुन्छ भनेर ऋग्वेदमा लेखिएकै छ। यस कारण उपाकर्मको दिनमा भ्यागुतोलाई गेडागुडी चढाउने नेवारहरूको चलन काकताली हुनुको सट्टा वेद भन्दा पुरानो ऋतुसंस्कृतिको परम्परा नेवार संस्कृतिमा अझै पनि बाँचिरहेको छ भन्ने कुराको ज्वलन्त उदाहरण हो।

अन्वेषणको सिलसिलामा सबभन्दा पछि पत्ता लागेको ऋतुसंस्कृति सम्बन्धी एक नयाँ कुरो गाईजात्राको सात दिनपछि हुने एकाष्टका भन्ने वैदिक विधिविधान र कृष्णाष्टमीको बारेमा छ। माथि बताए जस्तै गाईजात्राको दिन बाच्छोको रूपमा मुकुन्डो लगाएर आउने आठ-नौ वर्षका केटाहरूसँगै एक वर्ष पनि नपुगेको सानो बालकलाई पनि कृष्ण जस्तै सिँगारेर बाबुआमाहरूले बोकेर गाईको बाच्छोसँगै शहर घुमाउने चलन छ। गाईजात्रा भाद्र महिनाको पहिलो दिन मनाइन्छ। त्यसैले भाद्र महिना प्राचीन कालगणना अनुसार वर्षादको उठानमा पर्थ्यो भन्ने कुरा मनमा राखेर विचार गरी हेर्दा गाईजात्राको दिनसँग कृष्णको सम्बन्ध धेरै पुरानो हुनुपर्छ भन्ने देखिन आउँछ।

झण्डै बिर्सिसकेको कृष्ण र वसुदेवको पुरानो कथा अनुसार कृष्णको पिताजीको नाम आनकदुन्दुभि हो। आनकदुन्दुभि भनेकै वसुदेव हुन भनी

अमरकोशमा लेखिएको छ तर पाली साहित्यअनुसार आकाशमा आफै बज्ने नगरा जस्तो वर्षा ऋतुमा गर्जने बादलको नाम आनकदुन्दुभि हो। यसको शाब्दिक अर्थ हावामा बज्ने नगरा हो। त्यसैले यस्तो नगरा बजेपछि बादल गर्जन्छ र पानी पर्छ भन्ने भावको कुरो पाली साहित्यमा मात्र होइन कि वैदिक ग्रन्थहरूमा पनि लेखिएको छ (G. Vajracharya, "Iconography and Images: A New Methodology" Brill's Encyclopedia of Hinduism, Vol. 2, https://www.academia.edu/25817997/A_New_Methodological_Approach) ।

बच्चा जन्मनासाथ अनेक कारणले गर्दा उनीहरूको मृत्यु हुने सम्भावना धेरै भएको हुनाले बच्चा जन्मेको केही दिनपछि मात्रै उनीहरूको जन्मजयन्ती मनाउने पुरानो चलनअनुसार वैदिक कालमा वर्षादको उठानमा जन्मेका बाच्छाहरूको स्वास्थ्यको लागि उनीहरू जन्मने दिन भनेर मानिएको गाईजात्राको दिनभन्दा सातदिनपछि एकाष्टका भन्ने रिच्युल (विधिविधान) गर्थे। यो दिन कृष्णाष्टमीमा पर्छ। यसैले बच्चा देवता हुन् देवता बच्चा हुन् भन्ने विचार अनुसार कृष्ण गाईको बाच्छो जस्तै वर्षादको उठानमा जन्मेका देवता हुन्। झरीवर्षासँगै सृष्टि शुरू हुन्छ र त्यसैवेला विश्वरूपी महापुरुष बच्चाको रूपमा जन्मन्छ भन्ने कुरा अथर्ववेद (19.6.11) मा लेखिएकै छ। पछि गएर यिनै महापुरुष कृष्णको रूप परिवर्तन भयो। भगवद्गीतामा वर्णन गरिएको कृष्णको विश्वरूप ऋग्वेद र अथर्ववेदहरूमा उल्लिखित पुरुषसूक्तको विकसित रूप हो।

प्रवचन सिध्याउनुभन्दा अघि भनिहाल्नुपर्ने कुरो के छ भने धेरै जसो पाश्चात्य विद्वान्हरूको विचारमा एकाष्टका मार्ग महिनामा पर्छ भन्ने छ। यो कुरा साँचो हो तापनि एकाष्टका मार्ग महिनामा मात्रै होइन कि वर्षादको शुरूमा पनि मनाइन्थ्यो। त्यसैले यसको नाम अपरा (अर्को) एकाष्टका भन्ने थियो। यो कुरो हालैको मेरो अन्वेषणबाट पत्ता लागेको हो। प्रकाशित

हुन लागेको अंग्रेजीमा लेखेको लामो लेखमा मैले यस विषयमा विस्तारपूर्वक लेखेको छु।

देवता वच्चाको रूपमा जन्मन्छ भन्ने वैदिक अथवा प्राग्वैदिक विचार भारतमा धेरै शताब्दी अघि नै हराइसकेको छ तर काठमाण्डौँ उपत्यकाको नेवार संस्कृतिमा, विशेष गरी वार्षिक महास्नानको विधिविधानमा, यो विचार अझै जीवित छ। भ्यागुतोलाई पूजा गर्ने दिनको भोलिपल्ट गाईले बाछो पाउने दिनमा सानो बच्चालाई कृष्ण जस्तै सिँगारेर शहर घुमाउने चलन त्यही पुरानो विचारको अभिव्यक्ति हो।

नेवार संस्कृति र वैदिक साहित्य सम्बन्धी यो मेरो प्रवचन कतिलाई अनौठो लाग्न सक्छ किनभने यस विषयमा कसैले केही लेखेको पाइँदैन। वैदिक साहित्यको अध्ययन गर्ने पाश्चात्य विद्वान्हरू अक्सर गरेर नेवार संस्कृतिसँग अपरिचित छन्। त्यसै गरी नेवार संस्कृतिमा अभिरूचि लिने व्यक्तिहरू वेद पढ्दैनन्, तर वैदिक साहित्यमा पाइने ऋतुसंस्कृतिसँग नेवार परम्पराको तुलनात्मक अध्ययन गरी हेर्दा धेरै महत्त्वपूर्ण कुराहरू प्रकाशमा आएका छन्। यस विषयमा मैले केही लेखिसकेको छु, केही लेख्न बाँकी नै छन्।

अन्त्यमा आज मदन पुरस्कारबाट सम्मानित कृतिका लेखक भगिराज इङ्नामज्यू, जगदम्बा-श्रीबाट सम्मानित भैरवबहादुर थापाज्यूप्रति पुनः हार्दिक बधाई ज्ञापन गर्दछु। यो मेरो प्रवचन ध्यानपूर्वक सुनिदिनुभएकोमा यहाँहरू सबैलाई हार्दिक धन्यवाद।

जगदम्बा-श्रीबाट सम्मानित श्री भैरवबहादुर थापाज्यूको मन्तव्य

मदन पुरस्कार गुठीका श्रद्धेय अध्यक्षज्यू,
गुठीको सदस्यज्यूहरू तथा गुठी परिवार,
गुठीको निर्णायक मण्डलका सदस्यज्यूहरू,
ललितपुर महानगरका प्रमुख श्री चिरीबाबु महर्जनज्यू,
मदन पुरस्कारद्वारा सम्मानित श्री भगिराज इङ्नामज्यू
उपस्थित सम्पूर्ण बुद्धिजीवी वर्ग,
तथा स्रष्ठाका अधिवक्ता मानिने पत्रकार बन्धुहरू!

प्रथमतः म भैरवबहादुर थापा २०७७ को जगदम्बा–श्रीद्वारा सम्मानित भएको समाचार सुन्न पाउँदाको बेला त्यो हर्षको बाछिटा थेग्न मलाई धौ-धौ पऱ्यो, राज्यले बिर्सेको बेला।

दुई हप्ता नबित्दै मदन पुरस्कार गुठीबाट प्राप्त भएको त्यो अनमोल बधाई-पत्र जब मेरो ८९ वर्षको हत्केलामा पऱ्यो, त्यो हर्षको बयली झन्, बेग्लै किसिमले थपियो, शरीरका रोम-रोम नै तरङ्गिने गरी। मन चङ्गा भएपछि अतितका दिनमा मलायादेखि नाच्न थालेको कुरा सम्झिनु स्वभाविक नै हो।

त्यसबेला मलायामा भएको ब्रिटिस गोर्खा आर्मीको फस्ट सिक्स बटालयनमा ‘‘नेपाली टार्जन’’, ‘‘नेपाली बाबु’’ र ‘‘डान्सर’’ तीन उपनामले चर्चित राईफलम्यान अफिस क्लर्क म भैरवबहादुर थापालाई सन् १९५३ को जुन २ तारिखका दिन बेलायतकी महारानी एलिजावेथको शुभराज्याभिषेकको उपलक्ष्यमा रातभरि नाच्नु पर्दा, अफिसरदेखि सबैले रमाइलो मानेर धन्यवाद दिएका थिए। फलस्वरूप ६ महिने घरछुट्टीको बिदा समेत मैले पाएँ। त्यसबेला म २० वर्षको थिएँ।

संयोगवश २०१० असार ६ का दिन मलायाबाट काठमाडौं आई पुगेको नौ दिनपछि नै नेपाल नाटक संघका संस्थापक नाटककार भीमनिधि तिवारीजीले असार १५ मा मलाई नेपाल नाटक संघको "प्रतिभाशाली कलाकार" भनेर घोषित गर्नुभएको ती दिनका कुरा सबै बिर्सिसकेको बेला आज त्यो स्मरण शक्ति पनि जाग्रित भयो, जगदम्बा–श्रीको सम्मानले गर्दा।

म कलाकार घोषणा भएको ७२ दिनपछि २०१० असोज ३ का दिन अखिल नेपाल किसान संघको वार्षिक सम्मेलनको अन्तिम दिन भुरूङखेलको चउरस्थित डबली मञ्चमा अकस्मात मैले आफ्नो एकल भाव लोक साँस्कृतिक नृत्य एक घण्टासम्म प्रस्तुत गर्नु परेको दिन पनि सम्झिन थालेँ।

त्यसबेला चउरभरि उपस्थित हजारौँ जनसमूहबाट अविच्छिन्न रूपले गुञ्जेको कर्तल-ध्वनि पनि अचम्मकै जोशिलो थियो। अर्कोतिर मलाया डान्सर भनेर "भैरवबहादुर थापाको लोक साँस्कृतिक प्याखँः उपत्यका वासीले नै हेर्न पाउनु पर्छ" भनी माग गरिएको एक हाते लामो लिखित नेपाली कागज मञ्चका उद्घोषकको हातमा बुझाएको समेत सम्झना आयो।

"जनताको माग भए बमोजिम भोलिदेखि ६ दिनसम्म मलाया डान्सरको लोक साँस्कृतिक प्याखँः हुने" भएको निर्णय उद्धोषकको रूपमा साहित्यकार कृष्णचन्द्रसिंह प्रधानजीले मञ्चको माईकबाटै घोषणा गर्नु भएपछि मात्र जनताको हो-हल्ला शान्त भयो। साथै मलाई वचनबद्ध गराएर आफ्नो घरमा जाने अनुमति दिएको त्यो दिनको समेत सम्झना आउनु भनेको जगदम्बा–श्री कै शक्तिले हो।

आखिर ६ दिनसम्म मलाया डान्सरको लोक साँस्कृतिक प्याखँ: हेर्न भुरूङखेलको चउरमा बास बस्ने गरी आएका जनसमूहको भिड भिन्दै थियो।

मलाया डान्सरको लोक प्याखँ: सिक्न चाहने इच्छुक विद्यार्थीहरूको हुल भिन्दै थियो। साथै "भैरव सरले लोक प्याखँ: जसरी भए पनि विद्यार्थीहरूलाई सिकाई दिनुपर्छ" भनि अनुरोध गर्न आएका तत् विद्यार्थीका अभिभावकहरूको झुण्ड पनि भिन्दै थियो।

जीवनमा पहिलोपटक आफ्नो नृत्य कलाको प्रशंसकहरूको नयाँ माहोल बढ्दै गएको देख्दा, प्रत्येक दिन भुरूङखेलको डबलीमा हर्षले म फूर्तिले नाच्दै पनि छु। साथै "स्कूलमा नृत्य सिक्ने व्यवस्था मिलाउनु भएमा म आएर सिकाइदिन्छु" पनि भन्दैछु विद्यार्थीहरूलाई। तर भोलिपल्ट विद्यार्थीहरू आएर आँसु पुछदै भन्न थाले "गाईजात्रे नाच सिकाउन दरबार स्कूल खोलेको हैन, प्रजातन्त्र आयो भन्दैमा भाँडभैलो नाच गर्न पाइँदैन भन्नु भएर खुब झपार्नु भयो हाम्रा सरहरूले। हामी त बहुलाउने भयौं। अब के गर्ने भैरव सर?''

त्यसबेला तीन महिना स्काउटको तालिम पाएका ज्यापू भनेर चिनिने एक सज्जनज्यूले विद्यार्थीहरूका बिलौना सुनेर "भैरव सरलाई थाहा छ कि छैन? तपाईँको लोक सांस्कृतिक नृत्यलाई यहाँ गाईजात्रे प्याखँ: भनिन्छ। त्यस्ता प्याखँ:हरू विना चाडपर्व जथाभावी नाचिने चलन हुँदैन। स्कूलको मास्टरले झपारेर विरोध गर्नु स्वाभाविकै हो। एक त लोग्ने मानिसको नाच देखियो भने बिरालोले बाटो काटेझैँ अशुभको सङ्केत मानिन्छ। त्यसकारण गाईजात्राको पर्वमा मात्र पुरूष भेषमा पुरूषले नाच्न पाउँछन्। नत्र भने नारीको भेषमा नै मारूनी भएरै पुरूषले नाच्नु पर्छ, त्यो पनि पुख्र्यौली पर्वको सन्दर्भमा पारेर। त्यस्तो पुरानो रीतिरिवाजको डबली मञ्चमा आज भैरव सरले पुरूषको भेषमा नाच्दा पनि प्रत्येक दिन हजारौँ-

हजारौँ मानिसहरू विना विरोध हेर्न झुम्मिरहेका छन्। रूढिवादी सोचमा नै अचानक परिवर्तन भएको देखिनु अचम्म लाग्दो भएको छ। वास्तवमा भैरव सरको लोक सांस्कृतिक नृत्य क्रान्तिकै रूपमा प्रकट भएको हुनाले यहि मौकामा विद्यार्थीहरूको इच्छा पुऱ्याउन स्काउटको ट्रेनिङ्ग गराउने भनेर भैरव सरले यही भुरूङखेलको चउरमा आर्मी ड्रिलको ट्रेनिङ्ग सँगसँगै नृत्यको पनि तालिम गराउनुहोस्। विद्यार्थीहरू पनि खुसी हुन्छन्। भैरव सरको प्रचार पनि हुन्छ। यसरी स्काउट सँगसँगै परिचालन भएको संगीत र नृत्यलाई स्काउटकै प्रचलन भएको अङ्ग ठान्दछन्। स्काउटको नाताले म पनि भैरव सरसित आवद्ध हुन पाउँछु। साथै स्काउटको नाममा भुरूङखेलको चउर पनि उपयोग गर्न पाईन्छ"। ज्यापूजीका यी सुझावहरू सबैलाई चित्तबुझ्दो भएपछि स्काउटका लागि एकै नासे ड्रेस हुनुपर्छ भनि मैले आग्रह गर्दा अन्दाजी ५६ जना विद्यार्थीहरू पोशाक सिलाउन तयार भए। चार जना असमर्थ विद्यार्थीहरू रून थाले पछि दुईजनाको पोशाक खर्च ज्यापूजीले व्यहोर्ने वचन दिनुभयो। अर्को दुईजनाको मैले व्यहोर्ने गरी इन्द्रचोकको दर्जीलाई सिलाउने अर्डर गरियो।

पोशाक तयार भएपछि २०१० को असोज २२ का दिनदेखि २३ मिनेट आर्मी ड्रिल, २३ मिनेट नृत्य, फेरि २३ मिनेट आर्मी ड्रिल अनि २३ मिनेट नृत्यको मिश्रित तालिम शुभारम्भ भयो।

यसरी काठमाडौंको भुरूङखेल चउरमा पहिलोपटक विदेशी ड्रम प्रयोग नगरेर केवल मगखींँको तालमा स्काउट सँगसँगै नृत्यको तालिम पनि हुन थालेपछि हेर्न आउने बाल-वनिता, युवा-युवती र वृद्ध-वृद्धाहरूको हुल प्रत्येक दिन थपिदै गएको चर्चा समेत सर्वत्र फैलियो।

त्यो चर्चाले गर्दा राजनीतिज्ञ विश्वेश्वरप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, ऋषिकेश शाह, कामरेड पुष्पलाल श्रेष्ठ, कामरेड पि.एन. राणा, कामरेड निर्मल लामा, कामरेड तुलसीलाल अमात्य लगायत तत्

नेताहरूका सम्बन्धित विद्यार्थी नेता र युवा नेताको समेत आ-आफ्ना भाषण कार्यक्रमको अवसरमा सर्वप्रथमः मलाया डान्सरको नामले (म भैरवबहादुर थापा) को लोक साँस्कृतिक प्याखँ: प्रस्तुत गर्नुपर्ने एक नियम जस्तै हुन पुग्यो, मानिसहरू भेला गर्नका निम्ति।

कुनै बेला राजनैतिक नेताले राज्य व्यवस्था विरुद्ध भाषण गरेको अवस्थामा अचानक पुलिसहरूले झम्टिन खोज्दा मञ्चबाट भागेका नेता सँगसँगै आफूलाई पनि गल्ली-गल्ली लुकेर भाग्नु परेको भोगाई समेत खुब सहनु पर्थ्यो मैले।

एवम् रीतले काठमाडौं र पाटनको विभिन्न टोल-टोलमा हुने आ-आफ्ना छुट्टै किसिमका स्थानीय धार्मिक पूजाहरूमा समेत मलाया डान्सरको लोक प्याखँ: चोक-चोकको डबली मञ्चमा प्रस्तुत भएकै हुनुपर्थ्यो। त्यस्तै कवि गोष्ठी हुँदा समेत सर्वप्रथमः भैरवबहादुर थापाको नृत्य प्रस्तुत भएपछि मात्र कविता वाचन हुने गर्थ्यो।

प्रायः जसो दिनमा राजनैतिक मञ्च, धार्मिक मञ्च र साहित्यिक मञ्चमा आफ्नो नृत्य प्रस्तुत गरेपछि साँझपख भुरूङखेलको स्काउट तालिममा पुग्न भ्याएकै हुनुपर्थ्यो। यो दैनिक चर्या जस्तै थियो मेरो त्यसबेला।

यसरी आफू नाच्दा र अरूलाई नचाउँदै जाँदा भुरूङखेलमा परिचय भएको प्रसिद्ध नाटककार बालकृष्ण समजीका ऐतिहासिक नाटक अमरसिंहमा समेत आवद्ध हुन पुगेँ म।

त्यसैबेला मबाट चार महिना स्काउट र नृत्यको तालिम लिएका विद्यार्थीहरू मलाई बालशखा दलको अध्यक्ष पदमा राख्नका लागि सल्लाह लिन नाटककार बालकृष्ण समजीको निवासमा पुगेछन्। भैरवबहादुर थापा सरलाई नेपालमै रोकेर राख्न मनसाय भएको कुरा विद्यार्थीहरूबाट बुझ्ने बित्तिकै उसैबेला ती विद्यार्थीहरू सँगसँगै बालकृष्ण समजी मेरो निवास आउनुभयो र भन्नुभयो- "यी तपाईँका सागिर्दहरू

भैरवजीलाई बाल शखा दलको अध्यक्ष पदमा राख्नु पर्‍यो भन्न म कहाँ आउनुभयो।

भैरवजीको नाम उठे पछि मेरो पनि चासोको विषय हुन पुगेकोले भैरवजीलाई भेट्न आएको हुँ। विषेश नृत्यको कुरा गर्दा खासगरी नाटकको दृश्य समाप्त भएपछि पर्दा लाग्छ र त्यही पर्दा अगाडि मात्र नृत्य देखाइने चलन हुन्छ, यदि राख्नु परेमा। तर भैरवजीको लोक साँस्कृतिक नृत्यको प्रचारले गर्दा "साँस्कृतिक कार्यक्रम" भनेर छुट्टै नृत्य मात्र देखाउने चलन ल्याउनु भयो भैरवजीले। त्यसकारण भैरवजीकै नामबाट "भैरव नृत्य दल" संस्था किन नखोल्ने? यो नाम नृत्य विधाको लागि उपयुक्त पनि हुन्छ। एक त भैरवजीको नृत्य सबैले मन पराएको बेला कसैबाट विरोध आउन सम्भव पनि छैन"। बालकृष्ण समजीका कुरा सुने पछि "असाध्य राम्रो लाग्यो" भनेर सबैले समर्थन जनाए। मैले हुँदैन भन्न सकिन। किनकि बालकृष्ण सम जस्ता प्रतिष्ठित व्यक्तिको आगमनले नै म गौरवान्वित भैसकको थिएँ।

छलफल हुँदै जाँदा बालकृष्ण समजीकै नेतृत्वमा नेपालमै पहिलो नृत्य विधाको संस्थाका रूपमा "भैरव नृत्य दल" स्थापना भयो २०१० फागुन १० का दिन।

भैरव नृत्य दलको स्थापना भएपछि ब्रिटिस गोर्खा आर्मीको सम्झना हुँदाहुँदै पनि माया मार्नुपर्‍यो मैले। भविष्यमा सुविधास्वरूप आर्मीबाट पाउने अन्दाजी दुईलाख रूपैयाँ प्रत्येक मासिक भत्ता समेत गुमाउन बाध्य भएँ। आफ्नो रहरले बाध्य भएँ वा कसैको आवश्यकताको खाँचो पुरा गर्न बाध्य भएँ, मेरो बयली उमेरले गर्दा मलाई थाहा नै भएन। गुनासो गर्ने फुर्सद पनि भएन।

जे भयो, आफूलाई चित्त बुझ्दो नै भयो। स्काउटमा बजाईने विदेशी ड्रम हटाएर मगर्खीँ (मगर बाजा) अर्थात् मादलको तालबाट स्काउट र नृत्यको तालिम पनि मबाट नै शुरुवात भयो।

गाउँ-गाउँका लोक नृत्यहरूलाई परिमार्जन गरेर विधिपूर्वक मञ्चनीय पद्धतिमा प्रस्तुत गर्ने काम पनि मबाट नै शुरूवात भयो। साथै परम्परादेखि चल्दै आएको "डबली नाच"लाई समेत शिष्ट भाषामा "साँस्कृतिक कार्यक्रम" भनेर शुरूवात भयो मबाट नै।

गीति–नाट्य, मूक नाट्य, वाणी नाट्य लगायत मयूर नृत्य, याक नृत्य, झाँक्री नृत्य, पद्मसम्भव नृत्य, प्रतिध्वनि (Echo) नृत्य, एकता नृत्य, विद्या धनम् नृत्य रोइला, मछुवा, टप्पा, झ्याउरे, सोरठी, खुकुरी, डम्फे, सेलो, ताजिया, किम्बु-सुँताँ जस्ता अनेक नृत्यहरू सिर्जना गरियो।

मेरा यी सृर्जनाहरू मध्ये केही नृत्यहरू आज राष्ट्रको साँस्कृतिक सम्पदा हुन पुगेका छन्। तर सर्जकलाई सम्पदाको पंक्तिमा अङ्कित गर्न नसकेको देख्दा राज्यका सम्बन्धित फाँटहरू कागलाई बेल पाकेको जस्तै भयो सर्जकका लागि।

जे भए पनि मेरो "किसान" भाव नृत्यलाई चीनका प्रथम प्रधानमन्त्री श्री चाउ–एन–लाईज्यूले अत्याधिक मन पराउनु भयो।

त्यस्तै भारतका प्रथमः प्रधानमन्त्री पण्डित श्री जवाहरलाल नेहरूजीले मेरो Echo नृत्यको प्रशंसा गर्नुहुँदै "नेपालके भैरव पार्टी ने इको नामक पोएटिक ब्याले डान्स कि सुरूवात करते हुए देखकर मेरी राय बदलदी" समेत भन्नु भयो। तर नेपालका नेता र व्यवस्थापकहरूले केवल उपयोग मात्र गरे।

तापनि ६५ वर्षको तपस्याबाट विश्व उपयोगी नृत्य लिपि सम्बन्धी "नृत्याक्षर विज्ञान" शास्त्रको समेत रचना गर्न भ्याएँ। भन्ने नै हो भने

विदेशका विकसित नृत्यको दाँजोमा नेपाली नृत्यलाई प्रस्तुत गर्न सक्नु चानचुने विषय थिएन।

साँच्चिकै भन्नुपर्दा मेरा योगदानहरू कला-साहित्यका न्यायालयरूपी श्रद्धेय मदन पुरस्कार गुठीको नाङ्लोमा चालिन पुगेकोले नै जगदम्बा–श्रीबाट सम्मानित हुन सफल भएँ। जसले गर्दा आज गंगा समानको सम्मान कार्यक्रममा आफ्ना अतितका केही व्यथाहरू समेत बिसाउने मौका पाएको हुनाले आफूलाई धेरै–धेरै धन्य भएको ठानेको छु।

जगदम्बा–श्रीको जय होस्। श्रद्धेय मदन पुरस्कार गुठीका सम्पूर्ण सदस्यहरूको पनि जय होस्! अनि निर्णायक मण्डलका सदस्यहरूको पनि जय होस्। साथै उपस्थित सबै सज्जन वर्गको दीर्घायुको कामना गर्दै, सबैको जय होस् पनि भन्दै सबैलाई हार्दिक नमस्कार! नमस्कार!! नमस्कार!!

भैरवबहादुर थापा

bbathapa@gmail.com

मदन पुरस्कारबाट सम्मानित श्री भगिराज इङ्नामज्यूको मन्तव्य

श्रद्धेय अध्यक्षज्यू,
मदनपुरस्कार गुठीका सम्पूर्ण पदाधिकारी,
उपस्थित विद्वत् वर्गमा हार्दिक नमन!
मदन शमशेर राणाको स्मृतिमा 'मदन पुरस्कार गुठी' को स्थापना गर्ने स्व . जगदम्बा कुमारीदेवीप्रति श्रद्धाभाव व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

वि.सं. २०१२ सालमा स्थापित मदन पुरस्कार गुठीले सुरूमा साहित्यिक क्षेत्रमा मात्र पुरस्कार प्रदान गर्दै आएकोमा वि.सं २०२४ सालको मदन पुरस्कार 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास' नामक साहित्येतर कृतिलाई दिई पुरस्कारको क्षेत्र व्यापक बनायो। यसै मेसोमा, वि.सं. २०७७ सालको मदन पुरस्कार मेरो कृति 'लिम्बुवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह'लाई प्रदान गरिएको छ। यस्तो गरिमामय पुरस्कारले मलाई सम्मानित गरेकोमा सर्वप्रथम गुठीका श्रद्धेय अध्यक्ष, सञ्चालक समितिका पदाधिकारी तथा मूल्याङ्कन समितिका समग्र सदस्यज्यूहरूमा हार्दिक आभार व्यक्त गर्दछु। यतिखेर, मैले भन्नैपर्छ, यो पुरस्कारबाट म मात्र होइन, पुस्तकमा परेका अभिलेखहरू उपलब्ध गराउने समस्त मान्यवरहरू पनि पुरस्कृत हुनुभएको छ। साथै, यसले म जस्ता अन्य ऐतिहासिक कागजात खोज-अनुसन्धानकर्तालाई पनि उत्प्रेरणा जगाउने आशा गरेको छु।

पृष्ठभूमि

मेरो जन्मथलो आठराई, तेह्रथुम हो। २०३९ सालमा लोकसेवा आयोगबाट अधिकृत स्तरमा प्रवेश गर्दा मैले नेपालको इतिहास केही अध्ययन गरेँ। त्यसबेला नै सेन तथा शाह राजाहरूबाट प्रदान गरिएका केही सरलीकृत स्याहामोहर र लालमोहरहरू पढ्न पाएको थिएँ। पल्लो

किराँत लिम्बुवान क्षेत्रमा प्रदान गरिएका सक्कल स्याहामोहर, लालमोहर तथा अन्य दस्तावेजहरू उचित समयमा खोजविन गर्ने सोच मनमा गढेको थियो। त्यस उप्रान्त यस्ता विभिन्न ऐतिहासिक ग्रन्थहरू अध्ययन गर्ने क्रम जारी राखेँ।

हिजोआज राज्यले दैनन्दिन कानूनी व्यवस्था कायम राख्न संविधान अनुसार ऐन, कानून र नियमावली जारी गर्छ। मल्लकालमा भोजपत्र, ताम्रपत्र, थ्यासफुमा लेखिन्थ्यो। सेनकालको करिब उत्तरार्ध र शाहकालबाट स्याहामोहर, लालमोहरको प्रचलन सुरूआत भयो। स्याहामोहर, लालमोहरमा लेखिएका विवरणबाट लिम्बुवानमा खान्गी बापत् जग्गा, सुब्बाङ्गी दिएको देखिन्छ। राज्यले लिम्बुवानका लिम्बू याक्खा, आठपहरिया, खम्बूलाई राय, राई भनी सम्बोधन गरी लालमोहर कागजात दिएको थियो। किपट पाएका लिम्बू र याक्खाहरूलाई सुब्बा, राई पगरी र मझिया भनिन्थ्यो।

इङ्नाम लिम्बूको वंशावली अनुसार मेरो रोलक्रम ५० औँ पुस्तामा छ। मेरो हजुरबुबाको हजुरबुबा) सुच्याप्चु (४६ औँ पुस्ताका कृष्णध्वज र हजुरबुबाको बुबा) च्याप्चु (४७ औँ पुस्ताका डिल्लीराम इङ्नामले सुब्बाङ्गी पाएका थिए। किपटियाले आफनो किपट क्षेत्रमा रस्ती चलाई बस्ती बसाउने) रैती बसाउने (अधिकार थियो र किपट क्षेत्रका जनता/ रैतीबाट मालपोत/तिरो उठाई सरकारमा बुझाउने, वन जङ्गलको संरक्षण गर्ने, विकास निर्माणको कार्य गर्ने, ठिङ्ग्रो मुङ्ग्रो ठोक्ने, मुद्दा-मामिला फत्ते गर्ने अधिकार पाई शान्ति–सुरक्षा कायम गर्नेसमेत अधिकार थियो। त्यस्तो सुब्बाङ्गी अधिकार सेखपछि क्रमशः उत्तराधिकारीमा सर्दै जान्थ्यो। उदाहरणका लागि मेरो हजुरबुबाको हजुरबुबाले पाएको किपटिया सुब्बाको अधिकार स्वयम् मेरो पिता काजीमान इङ्नामले विक्रम संवत् २०२१–२०२३ ताका उपभोग गरे।

रैतीले किपटिया सुब्बालाई जमिनको तिरो तिर्नु पर्थ्यो। अर्थात् रैतीहरू बुबाकहाँ संवत् २०२१–२०२३ ताका तिरो तिर्न आउँथे, कहिले सुब्बा स्वयम् रैतीकहाँ तिरो उठाउन जान्थे। बुबाको वारिस भई मेरो दाइ मोतिबहादुर इङ्नाम कहिलेकाहीँ तिरो उठाउन रैतीकहाँ जान्थे। म पनि दाइसँगै जान्थेँ। यसक्रममा तिरो बुझेको भरपाई रसिद लेखिदिन्थेँ। बदलामा तिरोका अतिरिक्त एकमाना चामल दिन्थे। रैतीले सुब्बालाई बेठीबापत वर्षमा पाँच खेताला सघाउँथे।

दशैँताका रैतीहरू सुब्बाको घरमा सिसार) कोसेली (लिएर टीका लगाउन आउँथे। उनीहरूले खसी–बोकाका फिला, घिउ, दही, केरा, कुराउनी तथा मतवाली रैतीहरूले रक्सी समेत ल्याउँथे। उजुरबाजुर पर्दा सुब्बाको घरमा कचहरी पञ्चबसी मुद्दा–मामिलाबारे न्यायनिसाफ गर्थे। यसरी मैले, बाल्यकालमै केही मात्रामा सुब्बाको काम कर्तव्य बुझ्ने अवसर पाएको थिएँ।

इतिहास सम्बन्धी पुस्तकहरू पढ्दै गएपछि मलाई लिम्बुवानका अझसम्म नलेखिएका कुरा लेख्नुपर्छ भन्ने लाग्यो। मैले बाल्यकालदेखि देख्दै र अनुभव गर्दै आएको सुब्बाङ्गी प्रथा थियो। यसबारे केही कुराहरू लेखिएका थिए तर वृहद्रूपमा सामग्री प्रकाशित भएका थिएनन्। म र नाताले दाइ पर्ने शेरबहादुर इङ्नामले मिलेर वि.सं .२०७० सालमा 'तेह्रथुम जिल्लामा सुब्बाङ्गी प्रथा' पुस्तक लेख्यौँ। सो पुस्तक नेपाल प्रज्ञा–प्रतिष्ठानबाट प्रकाशन भयो। उक्त पुस्तक लेख्न मालपोत कार्यालय तेह्रथुममा कैयौँ हप्ता पुराना ढड्डा हेर्थ्यौँ सो पुस्तकमा लालमोहर, मालअड्डाको ढड्डाको आधारमा तेह्रथुम जिल्लामा संवत् १८६७ साल सम्ममा ७ जना सुब्बा थिए। त्यसताका सुब्बाबाट फुटीसुब्बा हुने नीति अनुसार संवत् १९९७ सालसम्ममा सुब्बा, राईगिरी, फुटीसुब्बा, ठिङ्गेसुब्बा गरी जम्मा ८०४ जना सुब्बा भएको निष्कर्ष निकालेका थियौँ।

वि.सं. २०७१ सालमा धनकुटा जिल्लाको प्रमुख जिल्ला अधिकारी (सिडिओ)को रूपमा काम गरेँ। त्यसबेला, धनकुटा जिल्लाका प्रायः सबैजसो सुब्बासँग भएका ऐतिहासिक कागजातको टिपोट गर्ने अवसर मिल्यो। २०७५ सालमा मेरो 'लिम्बूजातिको इतिहास' पुस्तक प्रकाशन भयो। उल्लिखित २ पुस्तक लेखिरहँदा मेरो मस्तिष्कमा 'लिम्बुवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह' पुस्तकको खाका तयार हुँदै गएको थियो। सेवानिवृत्त भएपछि खोज–अनुसन्धान कार्यमा सशक्त रूपमा लागेँ।

'लिम्बुवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह' मा वि.सं .१७१९–२०२० सालसम्मका जम्मा ३९५ वटा ऐतिहासिक कागजात छन्। ती कागजात जारी गरिएको आधारमा ३ भागमा विभाजन गरिएका छन्। पहिलो भागमा सक्कल स्याहामोहर, लालमोहर र कस्यरूक्काहरू छन्। दोस्रो भागमा स्याहामोहर, लालमोहर, कस्यरूक्काका नक्कल र तेस्रो भागमा इस्तिहार, भारदार र तत्कालीन सरकारी कार्यालय प्रमुखबाट प्रदान गरिएका कागजात सुब्बा र रैतीले राजा वा सरकारमा चढाएका बिन्ती–पत्रहरू, रैतीहरूले न्यायनिसाफ पाउन सुब्बासमक्ष चढाएका फिराद–पत्रहरूसहित सुब्बाले गरेका न्यायिक फैसलाहरू छन्। साथै, अहिलेसम्म प्रकाशमा नआएका राजाद्वय स्व .श्री ५ पृथ्वीनारायण शाह र श्री ५ प्रतापसिंह शाहको शंकास्पद मृत्यु टिपोट दस्तावेज पनि समावेश छ। त्यस्तै, महाराज जंगबहादुर राणाको दुर्लभ सही वा हस्ताक्षर भएको सकल इस्तिहार र सुब्बा, राई, थरीले हातहतियार लिई युद्धको बेला ओलाङ्चुङ गोला आउनू भन्ने उर्दी गरिएको आदेश पनि छ।

त्यस्तै, गैर–लिम्बूलाई दिइएको सुब्बाङ्गी र गैर–लिम्बुवान क्षेत्रको किपटभूमि व्यवस्था बारेका केही कागजात पनि तुलनात्मक अध्ययनका लागि समावेश गरिएको छ। लिम्बुवान क्षेत्रमा सुब्बाले रैतीहरूबाट तिरो उठाई सरकारमा बुझाएका रसिदसहित अन्य करहरू उठाई सरकारमा बुझाइएका कागजात पनि सङ्ग्रहित छन्। जस्तै, गोडधुवा बापत्का

करहरू (राजकुमारीको विवाहमा दिइने दाइजो बापतको रकम आदि) समावेश छन्। यस्ता कागजातहरू राज्यका सम्पत्ति हुन् तर, त्यस्ता कागजात पुरानिया सुब्बा, फुटीसुब्बा, राईगिरी, मझियाका घरमा जतनबेगर मक्किँदै, सड्दै गएको अवस्थामा थिए। मेरो ब्रह्मले त्यस्ता महत्वपूर्ण कागजात तुरुन्त सङ्कलन गरी प्रकाशमा नल्याए केही दशकपछि नष्ट हुन्छ भन्ने बतायो।

खोज अभियान

यी ऐतिहासिक दस्तावेज खोज अभियानको मुख्य अध्ययन क्षेत्र ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा, काठमाडौँ, ललितपुर र भक्तपुरलगायत हो। यी क्षेत्रका विभिन्न व्यक्ति र सरकारी कार्यालयहरूमा कागजपत्रको खोज र अध्ययन गरिएको थियो।

तेह्रथुम क्षेत्रको कागजात खोज्ने क्रममममा नाताले फुपाजू पर्ने रामबहादुर तुम्बाहाम्फेसँग सम्पर्क गरेँ। उनले मैले खोजेका कागजात काठमाडौँस्थित डिल्लीबजार मालपोत कार्यालयमा पाउन सकिने बताए। त्यही सूचनाका आधारमा मालपोत कार्यालय डिल्लीबजार पुगी केही ऐतिहासिक कागजातहरू सङ्कलन गरेँ। पुस्तकमा समावेश भएका कतिपय कागजातहरू यस्तै सूचनाकै आधारमा प्राप्त गर्न सकेको हुँ। यस्तै, ऐतिहासिक कागजात सम्बन्धित लालमोहोरिया वा पुराना सुब्बा, राईपगरी, फुटीसुब्बा, तिरुवासुब्बा र इतिहासमा रुचि राख्ने व्यक्तिहरूसँग हुन्छन् भन्ने हेक्का थियो। 'लिम्बूजातिको इतिहास' शीर्षक पुस्तक लेख्ने क्रममा लिम्बुवानभित्रका थुमथुमका सुब्बाहरूको नामसमेत टिपोट गरेको थिएँ। यसैका आधारमा धेरैजसो सुब्बाका सन्ततिको घरघरमा पुग्न सजिलो भयो।

लिम्बुवानका सबै जिल्लाका अधिकांश सुब्बाका सन्तति काठमाडौँ उपत्यका वा तराईमा बसोबास गरेका छन्। राजाबाट लिम्बूहरूलाई लालमोहरबाट सुब्बाङ्गी र राई पगरी दिइएका थिए। त्यस्ता दस्तावेजहरू पनि उनीहरूसँगै हुन सक्ने भएकाले सबै जिल्लाका प्रबुद्ध व्यक्तिहरूसँग सम्पर्क गरी सुब्बाहरू र पाएसम्म कागजात हुनसक्ने सम्भावित व्यक्तिहरूको नाम, ठेगाना र सम्पर्क नम्बर टिपोट गरेँ। माझ किराततर्फ पनि खोज–अनुसन्धान गर्ने इच्छा थियो। भोजपुर र खोटाङ् जिल्लाका मित्रहरूसँग सम्पर्क गरेँ। त्यस्ता सामग्रीहरू हुने सम्भावना कम देखेर सो योजना स्थगन गरेँ। यसरी कागजात हुने सम्भावित सुब्बाहरू खोज्नेक्रममा उपत्यकामा रहेका लिम्बू समुदायका थरविशेष व्यक्तिहरूसँग पनि सम्पर्क गरी निजका वंशमा कागजात हुनसक्ने सुब्बाहरूको नाम टिपोट गरियो।

कागजात खोज्दै जाँदा सोचेजस्तो सजिलै पाउन सकिएन। किन चाहियो, केका लागि चाहियो, के गर्नु हुन्छ, कसलाई दिनुहुन्छ, के पाउनु हुन्छ ! आदि प्रश्न गर्दथे। काठमाडौँबाट बाटो पहिल्याउँदै बल्लतल्ल पुगेको घरमा उल्लिखित प्रश्नको जवाफ दिंदादिंदा हैरान भइन्थ्यो। धेरैले आफ्नै निजी खर्चमा घुम्दै हिंडेको पक्कै होइन होला भन्थे। मैले भन्ने गरेको कुराचाहिँ त्यस्ता कागजात प्रकाशित गर्नुपर्छ किनभने, यस्ता कागजात समुदाय तथा राष्ट्रकै सम्पति हुन्। खोजबिन गरी प्रकाशित नगरे निकट भविष्यमा नाशिन्छन्। राज्य र लिम्बुवान क्षेत्रबीच आदान–प्रदान भएका साना–ठूला सबै कागजातको फेहरिस्त गर्न सकियो भने इतिहास रहन्छ। यसैले, व्यक्तिगत चाहना र आफ्नै निजी खर्चमा कागजात खोज्दै हिंडेको हो भनेर बताउँथे।

म उनीहरूलाई प्रष्टसँग अनुरोध गर्दथेँ कि ‘विश्वास लागे सक्कलप्रति नै दिनुहोस्, काठमाडौँ लगी राष्ट्रिय अभिलेखालयमा समेत अभिलेखीकरण गरी अभिलेखालयबाटै टिकाउ हुने गरी मर्मत र स्क्यानिङ् पनि गरेर प्रकाशनका लागि प्रयोग गर्छु र सक्कलप्रति जस्ताको तस्तै फिर्ता गर्छु’।

सक्कलप्रति नदिए त्यसको फोटो खिचेर लैजान्छु। गाउँ नजिक स्क्यानिङ् गर्ने ठाउँ भए त्यहाँसम्म लगेर स्क्यान गर्दथेँ। गाउँमा नभए सदरमुकाम गई स्क्यानिङ् गरी इमेल, पेनड्राइभ, क्यामेरा र मोबाइलमा गरी चार-चार ठाउँमा ब्याकअप राख्दथेँ। कतिको फोटो नै खिच्थेँ। काठमाडौँ आउनासाथ हार्डडिक्समा सार्थें। यसरी ज-जसले सक्कल दिए, इमान्दारीताका साथ राष्ट्रिय अभिलेखालयमा अभिलेख राखी र मर्मत समेत गरेर फिर्ता गरिदिएको छु।

माथिको आरोपित प्रश्नमा के सत्यता पनि छ भने एकताका लिम्बुवानका गाउँघरमा झुण्डका झुण्ड मानिसहरू पुराना सामग्री अनमोल मोलमा बिक्री हुने भ्रममा गाउँ चहार्दै पुराना पैसा, स्यालको सिङ् र सिमाला खोज्दै पुराना चिहान समेत भत्काउँदै हिँड्दथे। मैले पनि 'लिम्बूजातिको इतिहास' किताब लेख्ने क्रममा पुराना ऐतिहासिक सामग्रीहरू ढाल, तरवार, खुँडा र लालमोहरहरू पनि खोज्दै चहार्दै डुलेको थिएँ।

पछिल्लो पटकको घुमाइमा कागजातवाला सहमत भए तुरुन्तै उपलब्ध गराउँथे। केहीले भने पहिले थियो, फालियो वा सडेर गयो भन्थे। कतिले त अर्कै ठाउँ बसेका तिनका दाजुभाइका परिवारले पो लगेका छन् भन्थे। फेरि, त्यतै जान्थेँ। यसरी घुम्दा गाउँमा यस्ता कागजात को-कोसँग छ भन्नेचाहिँ पत्तो पाइन्थ्यो।

दस्तावेज खोज्ने शिलशिलामा तेह्रथुम फेदाप गाउँपालिका पोक्लाबाङ् जाँदा लप्टन लीलाबहादुर पङ्याङ्गू लिम्बूको घरमा ३ बोरा ऐतिहासिक कागजात थिए। धेरै कागजात उनकै सहमतिमा काठमाडौँ ल्याएँ। ती कागजात एक बाकस बनाई सुरक्षित राख्न भनी केही रकम दिएँ। कागजात अभिलेखालयमा अभिलेकीकरण र मर्मत गराई आफूले प्रयोग गरेँ र पूरै कागजात काठमाडौँ कोटेश्वरमा पसल गरी बस्ने निजकी

छोरीलाई बुबालाई पठाई दिनू भनी हात लगाइ दिएँ। पछि सुनेँ, कागजात दिने लीलाबहादुरको निधन भएछ।

तेह्रथुम फेदाप गा.पा. ३ मेरिङ्बुङ् पङ्याङ्गु परिवारकहाँ केही कागजात भएको कुरा सोधीखोजी गर्दा पत्ता लाग्यो। आफू आउनाको कारण बताएँ। झपक्क साँझ परेकाले सो रात त्यहीँ बास बसी कागजात हेर्ने मनसाय पोख्दा सकारात्मक सङ्केत पाइन। बस्ने ठाउँ होटल देखाई दिनू भोलि बिहान आउँछु भनेँ तर उनले 'बत्ती छँदैछ, अहिले हेर्नू म मोटरसाइकलमा पुऱ्याई दिन्छु' भन्दा ढुक्क भएँ। पुरानो डेलीमा राखेको कागज–पत्र केही काम लाग्ने थिए। 'मलाई काम छैन, फाल्ने विचार गरेको थिएँ लैजानू' भनेपछि मैले पनि 'यी महत्वपूर्ण कागजात हुन्, प्रयोग गरी काठमाडौँ राष्ट्रिय अभिलेखालयमा अभिलेखीकरण गरेर मर्मत गरी पठाउँछु' भनेँ। उनैले मोटरसाइकलमा सोही गाउँको सानो बजारमा पुऱ्याए। यो २०७५ साल फागुन ३ गतेका दिनको कुरा हो। अनायासै, ती कागज दिने व्यक्ति भोलिपल्ट बिहानै म बसेको होटलमा आए। 'कागजात नदिनू रे' भनी तुरून्त फिर्ता लाने कुरा गरे। उनले रातभर चिनजानसँग सम्पर्क गरेछन् क्यारे! 'अनमोल भाउमा बिक्री हुन्छ' भनिदिए होलान्। अनि मैले प्रस्ताव राखेँ, 'एकडेढ घण्टामा तेह्रथुमको मेयङ्लुङ बजार पुगिन्छ। मोटरसाइकलमा तेल हालिदिन्छु। बजारमै खाना खाऊँ। स्क्यानिकङ् गर्छु र कागजात फिर्ता लिनु', तर उनले मान्दै मानेनन्। पुराना कागजात मिलाउन पत्रिका भित्र राखेर हल्का आइरन गर्नुपर्छ। गाउँको होटलमा आइरन भेटिएन। मोबाइलबाट केहीको फोटो खिची उनलाई त्यहीँ फिर्ता गरेँ। यो पुस्तकमा ती कागजात पनि सङ्ग्रहित छन्।

कागजात खोज्ने क्रममा ताप्लेजुङ फुङ्लिङ् बजारमा एक हप्ता बसे। पूर्वमन्त्री विष्णुकुमार मादेनका छोराहरूकहाँ कागजात हुनसक्ने जानकारी पाएँ तर पाउन कठिन हुन्छ कि भन्ने सूचना पनि पाएँ। उनका जेठा छोरा चन्द्र मादेन अमेरिकामा १८ वर्ष बसी स्वदेश फर्केका थिए। उनी मेरो छोरा

अतीत इङ्नामसँग पहिले अमेरिकामा रूम पार्टनर भई सँगै बसेका रहेछन्। अहिले छोरा क्यानडामा छन्। मैले छोरालाई फोन गरेर व्यहोरा बताएँ। छोराले तुरून्तै चन्द्र मादेनलाई फोन गरिदिए। चन्द मादेनको घरमा गएँ। चारवटा सक्कल लालमोहर सेफमा सुरक्षित राखेका रहेछन्। निजहरूको मागबमोजिम स्रोतमा उपनाम समेत दुबै दाजुभाइको नाम उल्लेख गरेको छु।

कागजात खोज्ने क्रममा पाँचथर फेदेन् (फिदिम) बजारमा बसेको थिएँ। पाँचथर याङ्नाम आकासेका बृजहाङ्पति जबेगुकहाँ धेरै कागजात हुनसक्ने कुरा सुनेको थिएँ। उनी सो भेगमा नामचलेका राजनीतिज्ञ पनि थिए। उनी २०१३ सालमा किपट थमौतिका लागि काठमाडौँमा जाने प्रतिनिधि मण्डलका सदस्य पनि हुन्। उनी शेरबहादुर इङ्नामका मामा पर्ने भएकाले शेरबहादुर दाइलाई फोन गर्न लगाएँ। त्यसका लागि एक दिन गाडीबाट आकासे गाउँ पुगें। आकासेमा सानो बजार रहेछ। केही दोकान पनि थिए। त्यहाँबाट सिक्किम नजिक पर्ने। गोलाकार आकार बोत्तलको एक सिक्किमे रम खरिद गरेँ। घर सोध्दै खोज्दै झमक्क साझँमा पुगेँ। औपचारिक चिनजान गरेँ। दाइको मामालाई मैले पनि मामा साइनो लगाएँ। उनले कुखुराको भाले र तोङ्बाले भव्य स्वागत गरे। मैले कुराकानी गर्दै आतुरसाथ आफू आउनाको योजना बताएँ। कागजात हुनसक्ने सुब्बाहरूको फेहरिस्त भन्दै भोलि बिहानै उनका छोराले पुर्याउने वचन दिए।

योजनाअनुसार उनका छोरासँग ४ जना सुब्बाहरू कहाँ गइयो। कतै कागजात पाउन सकिएन। उकालो, ओह्रालो असिन- पसिन हुँदै साँझमा आकासे घर पुगियो। वहाँसँग भएका कागजातको कुराकानी भयो। लाइट र लालटिन लिई तलामा चढ्नु भयो। निकै समयपछि एक कागजात वि.सं. १९७२ को चन्द्रशमशेरबाट जारी भएको एउटा सक्कल इस्तिहार लिएर लिएर झर्नुभयो। त्यस्ता इस्तिहार लिम्बुवानभरिका सुब्बाहरूलाई

जात अनुसार सेनामा भर्ती हुन आह्वान गरी जारी गरिएका थिए। म सबै कागजात हेर्न र आवश्यक कागजात फोटो खिच्न चाहन्थेँ तर घुमाउरो पारामा सबै बाकसका सबै कागजात हेर्न नदिने आसय व्यक्त गर्नुभयो। जोडबल गर्ने कुरा भएन। निराश भएता पनि वहाँको एउटै कागजातमा चित्त बुझाउनु पऱ्यो।

पाँचथर रानी गाउँका नरेन्द्र सम्बाहाङ्फेकहाँ लालमोहर भएको जानकारी पाएँ। पूर्व राजसभा स्थायी समिति सदस्य बमबहादुर सम्बाहाम्फेबाट घर पत्ता लगाई नरेन्द्रको घर जाँदै गर्दा बाटोमा बेस्सरी पानी दर्कियो। बाटोमा गाउँ थिएन मुसाझैँ निथ्रुक्क भिजियो। बल्ल घर खोज्दै पुगियो। नरेन्द्र घरमा भेटिएनन्। उनका भाइबुहारी दाउरा काट्ने खेतालालाई खाजा पुऱ्याउन डोकोमा खाजा बोकी प्लाष्टिक ओढेर उकालो वनतिर लागिन्। घरको पालीमा ओत लाग्दै बसियो। पानी रोकिएन। जाडोले मुटु काम्यो। सम्झना भएसम्म जाडोले त्यति बिघ्न लुगलुग कामेको पहिलो पटक हो। पानी रोकिएपछि पुनः वहाँको घरमा गइयो। मेरो दर्दनाक स्थिति देखेपछि वहाँले भन्नुभयो 'आज मेरो घरमा बस्ने, भिजेको लुगा सुकाउने, मेरो लुगा फेर्ने वा बुइँगलमा आगो बाल्ने र सिरक ओडी बस्ने।' विकल्पहरू स-सम्मान अस्वीकार गरी वहाँलाई धन्यवाद दिँदै तुरून्तै फेदेन फिर्ता भयौँ। फेदेनबाटै बाहक समेत मोटरसाइकल भाडामा लिएको थिएँ। बाटामा घाम लाग्दै गयो। लुगा पनि अलिलि सुक्दै गए। फेदेनस्थित बसेको होटलमा आई पोशाक फेरियो। बल्ल ढुक्क भइयो।

छथरथुम तेह्रथुम ओख्रेका प्रेमभक्त तुम्खेवाकहाँ ऐतिहासिक कागजात भएको जानकारी पाएँ। उहाँको घरमा गई आफ्नो उद्देश्य बताएँ। कागजात देखाउनुभन्दा पहिले शर्त राख्नुभयो, म झसङ्ग भएँ। उहाँले सिधै भन्नु भयो, 'पुस्तकमा मेरो फोटो राख्ने भएमात्र दिन्छु।' शर्त सहज लाग्यो। पहिले उहाँको तस्बिर क्यामेरा र मोबाइलमा खिच्ने काम गरियो। कागजात महत्वपूर्ण रहेछन्। केही सक्कल पनि थिए। यस पुस्तकका स्रोत

व्यक्ति धेरै छन्। सबैको तस्बिर राख्न सम्भव थिएन। साथै, स्रोत व्यक्ति उल्लेख गर्दा एकरूपता पनि हुनुपर्‍यो। कसैको फोटो राख्नु, कसैको नराख्नु अन्याय हुन्छ।

यसमा एउटा जुक्ति फुर्यो। वि.सं. २०१३ सालमा किपट थमौती गर्न लिम्बुवानका प्रतिनिधि मण्डलमा सदस्य भई प्रेमभक्त तुम्खेवा काठमाडौँ पुगेका थिए। सो समयमा लिम्बुवानबाट १७ थुमका २ जनाका दरले ३४ जना काठमाडौँ जाने निर्णय भएको तर जाँदा २९ जनामात्र रहेछन्। सामूहिक फोटो खिचाउँदा २५ जनामात्र उपस्थित थिए। तीमध्ये २ जना चाहिँ अझै गुजारा गरिरहेका छन्। त्यसैले, सो प्रतिनिधि मण्डलका जीवित पाँचथरका बृजहाङ्पति जबेगु र तेह्रथुमका प्रेमभक्त तुम्खेवाको फोटो पुस्तकमा समावेश गर्न सजिलो भयो। यसले, स्रोत व्यक्तिको मनोभाव बुझियो भने तथ्याङ्क प्राप्त गर्न सकिने रहेछ भन्ने ज्ञान हुन्छ।

गाउँघरमा ऐतिहासिक सामग्रीहरू पुराना काठका बाकस, टिनका बाकस, डेली, पेटारो, बाँसको ढुङ्ग्रो र कपडामा पोको पारी राखेको पाइयो। केहीले यस्ता कागजातका महत्व बुझेकाले सेफमा समेत राखेका थिए। समग्रमा केही कागजात सुरक्षित त केही संरक्षणविहीन भई तुरून्तै संरक्षण गर्नुपर्ने अवस्थामा थिए। कतिपय कागजात धमिरा र कीराले खाएर नष्ट भएका र केही पढ्न नसकिने अवस्थामा फेला परे।

केही कागजात मुसाले काटेको, गुँड बनाएको र मुसाको लिँडैलिँड भएको त कतै कच्याक्कुचुक गरी एउटै पोका, एउटै डल्लो पारेर घरको कुनामा राखी बेहाल स्थितिमा रहेको पनि पाएँ। त्यस्ता नाशिएका, बिग्रिएका, च्यातिएका सामग्रीहरूलाई अभिलेखालयबाट मर्मत गर्न सके पढ्न र अक्षर उतार गर्न सकिने अवस्था थियो।

एक सरकारी कार्यालयमा 'कागजात अध्ययन गर्न र प्रकाशित गर्न पाऊँ' भनी निवेदन लिएर गएँ। महानिर्देशकले निवेदन हेरे र अर्का निर्देशक तथा

सम्बन्धित फाँटवालालाई बोलाई छलफल गरे। छलफलमा निष्कर्ष निस्कियो, 'निवेदनमा लेखिएका कागजात प्रकाशित गर्दा जातीय सद्भाव बिथोलिन्छ'। यसरी ती कागज-पत्र दिन नसकिने र मन्त्रालयको स्वीकृति चाहिने जवाफ आयो। निवेदनमा 'पल्लो किरात लिम्बुवान सम्बन्धी कागजात हेर्न र प्रकाशित गर्न पाऊँ' भन्ने व्यहोरा थियो। यो वाक्य नै निजहरूका लागि जातीय सद्भाव बिथोलिने सवाल भएछ। सौभाग्यवश सोही मन्त्रालयमै एक चिनजानका सचिव थिए। आखिर, उनकै सहयोगले हेर्न र प्रकाशित गर्न पाएँ।

राष्ट्रिय अभिलेखालयमा भएका कागजातहरू वैज्ञानिक तरिकाले कैयौँ वर्षसम्म सुरक्षित रहने अवस्थामा छन। अभिलेख शाखा डिल्लीबजारको कागजात २०७२ सालभन्दा अघि सुरक्षित भरपर्दो अवस्थामा थिए तर, २०७२ को महाभूकम्पले भवन भत्किएपछि ती कागजात भरपर्दो गरी सुरक्षित राखिएको पाइएन। कतिपय पोकाहरू पानीले भिजेर कागजमा प्वाल परेको, असङ्ख्य कागजातहरूको सूची समेत तयार नरहेकोले पोका खोली हेर्नुपर्ने अवस्था रहेको छ।

जे खोज्दै हिँडिन्छ सो प्राप्त गर्दा त्योभन्दा खुसीको क्षण के पो हुन सक्छ र? संवत् २०७५ मङ्सिर २७ गते मेरो लागि एक सुखद् क्षण रह्यो। कागजात खोज गर्दै भतिज टपन इङ्नामसँग धनकुटाको राजारानी केन्द्र बनाई चौबिस थुममा पुगियो। धनकुटा बुढी मोरङ्का देव इवाहाङ्सँग कागजात भएको सूचनाका अधारमा फोन गरेँ। इङ्नाम इवाहाङ् एकै बन्धुहुँदा नातामा उनी नाति हुन्। उनीसँग भएको कागजात सुरक्षित राख्न धरानका के.बी. इवाहाङ्लाई दिएका रहेछन्। धरानको एक साइबरमा खोजी गरेको कागजात प्रोसेसिङ् गर्दै गर्दा तिनै नातामा भतिज पर्ने के.बी. इवाहाङ् केही कागजात लिई साइबरमा आए। कागजात देखाउँदै 'यो कुन भाषा हो बुझ्नै सकिएको छैन' भने। यसो नजर लगाएँ। मैथिली अक्षरबाट लेखिएको संवत् १८१४ को सक्कल स्यामोहर। अरे बाफरे! सक्कल

स्याहामोहर! साथमा संवत् १८५६ को लालमोहर पनि! शाहकालीन लालमोहर अन्य स्थानमा पाइएको भए पनि सक्कल स्याहामोहर कतै पाइएको थिएन। हर्षले विभोर भएँ। आनन्दले पुलकित भएँ। सो दिन जस्तो खुशी सायदै भएको थिएँ।

साबिक जैसीकोठा हाल परराष्ट्र मन्त्रालयमा भएका अभिलेखहरू पछिल्ला पटक २०६७ सालमा राष्ट्रिय अभिलेखालयमा बुझाइए पनि औपचारिक हस्तान्तरण भने भएको छैन। ती सामग्री अध्ययन गर्न परराष्ट्र मन्त्रालयको स्वीकृति चाहिँदो रहेछ। निवेदन लेखेर परराष्ट्र मन्त्रालय गइयो। निवेदनमा स्याहामोहर, लालमोहार, कस्यरुक्का र इस्तिहार भन्ने शब्द परेको थियो। फाँटवालाले अर्थ जान्न चाहे। मौखिक भन्दा नपत्याएपछि भोलिपल्ट १३५० पृष्ठको नेपाल बृहत् शब्दकोष र ५५८ पृष्ठको बाबुराम आचार्यको श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी लगायतका पुस्तकका पाना देखाएँ। त्यसपछि मात्र टिप्पणी उठाउने काम भयो।

मालपोत कार्यालय डिल्लीबजारमा अभिलेख शाखाको कागजात प्राप्त गर्न सम्बन्धित मन्त्रालयका चिनजानका सचिवज्यूबाट भनसुन गराई सोर्स लगाएर मात्र कागजात प्राप्त गर्न सकियो। विदेशमा रहेका व्यक्तिबाट सामग्री जुटाइयो। यस्ता सबै बृतान्त लेख्दा निकै पन्ना थपिने भएकाले यहाँ बयान गरिन। पुस्तकमा पहिल्यै प्रकाशित नभएका कैयौँ ऐतिहासिक कागजात समेटिएका छन्। यसमा सुब्बाङ्गी पाउने सुब्बाले सरकार र जनताप्रति गर्नुपर्ने कर्तव्य, निर्वाह गर्नुपर्नु उत्तरदायित्व तथा सुब्बालाई प्रदान गरिएका अधिकारहरू उल्लेख गरिएका कागजातहरू पनि समावेश छन्। यो कागजात राज्य, शासक र जनताबीचको दोहोरो इतिहास हो। अतः यस पुस्तकले तथ्यपरक इतिहास लेखनमा सहयोग गर्नेछ भन्ने अपेक्षा गरेको छु।

पुरस्कार घोषणा

पुस्तक प्रकाशन भयो। मदन पुरस्कार पाउने आश त के कल्पना समेत नगरेकाले पुरस्कारका लागि निवेदन दिने सोचै थिएन। शुभेच्छुकको सल्लाह अनुसार मदन पुरस्कार गुठीमा पुस्तक दर्ता गरेँ। उप्रान्त त्यस्तो चासो पनि दिइन किनकि, एकरती पनि यस्तो गहन पुरस्कार पाउने आशै थिएन। यो वर्षको २२२ कृतिमध्ये शीर्ष ९ वटामा मेरो पुस्तक समावेश भएको सूचना केही शुभेच्छुक मार्फत् थाहा पाएँ। प्रारम्भिक चरणमा यो कृति पर्नु नै कता हो कता विजय भएको अनुभूत गरेँ। हर्षको सीमा रहेन। अति प्रफुल्लित भएँ। अग्रज, साथीभाइ, इष्टमित्र चिनजानका मित्रजनले बधाई दिँदै पुरस्कार प्राप्तिको अग्रीम शुभकामना दिए।

प्रारम्भिक छनौटमा परेका सबै पुस्तक खरिद गरेँ। तिनलाई भाषा र विषयवस्तु उठानको हिसाबले पढेँ। लेखनशैली नदीझैँ बगेका अरू पुस्तक सामु मेरो कृतिको उचाइ नपुग्ने ठहऱ्याएँ। मेरो कृतिको विषयमा सम्बद्ध छनौट समितिका सदस्यहरूको चित्तमा गढेछ भनेर खुशी भएँ। यद्यपि, विषयवस्तुको दृष्टिले अरूसँग समकक्षी जस्तै १९–२०नै पाएँ।

सबैभन्दा पहिले एक शुभचिन्तक अन्नपूर्ण पोष्टका संवाददाताले बधाई दिँदै मेरो कृति पुरस्कृत भएको जानकारी दिए। सुरुमा त पत्याउनै सकिन। उनैले, मदन पुरस्कार गुठीको विज्ञप्ति मेसेन्जरमा पठाए। अनिमात्र विश्वस्त भएँ। खुसीको सीमा रहेन। जीवनको अहिलेसम्मकै उत्कृष्ट सफलता प्राप्तिको अनुभूति भयो। बधाईको वर्षा भयो। नातागोता, इष्टमित्र, शुभचिन्तक, गुरूजनलगायत मान्यजनहरूबाट समेत बधाई पाउन थालेँ। पत्रकारहरूले पत्रिका, एफएम, टेलिभिजनका लागि अन्तरर्वार्ता लिए। धेरै अनलाइन माध्यमहरूले वार्ता गरी समाचार छापे। राष्ट्रिय दैनिक कान्तिपुर, गोरखापत्र, अन्नपूर्ण पोष्ट र द काठमाण्डु पोष्ट, हिमालखबर आदिमामा समाचार, अन्तर्वार्ता र समीक्षा प्रकाशित भए। केही त

इमानसिंह चेम्जोङ्, लियोलेन कप्लान र शिवकुमार श्रेष्ठपछिका लिम्बू जातिबारेका लेखकमा चौथो दर्जा दिनसमेत पछि परेनन्।

सम्वत् २०७८ साल आश्विन १७ गते राष्ट्रिय अभिलेखालयको वार्षिकोत्सवमा सहस्राब्दी पुरुष सत्यमोहन जोशी; संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयका सचिव यादव कोइराला र कार्यालय प्रमुख सौभाग्य प्रधानाङ्गबाट दोसल्ला ओढाऐ बधाई दिए। २०७८ आश्विन १८ तेह्रथुम काठमाडौँ सम्पर्क मञ्चले पनि खादा ओढाई बधाई दिए। यस्तो बधाई र सम्मान दिनेक्रम अझै जारी छ। सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूबाट २०७८ आश्मिन २५ गते भौतिक उपस्थितिमै बधाई पाउने सौभाग्य मिल्यो। उहाँको रूचि इतिहास र साहित्य पनि रहेछ।

पुरस्कारका लागि शीर्ष ९ मा मनोनय भएपछि यो पुस्तकको चर्चा र बिक्री सुरु भयो। पुरस्कारको घोषणापछि वितरक र बिक्रेताहरू घरमै नगद लिएर आए। केही वितरक नगदमै बाँकी रहेका सबै प्रति किताब उठाउने प्रस्तावका साथ आए तर मैले मानिन। पुस्तक माग्न आउने, फोन गर्ने र सबै बिक्रेतातालाई व्यापारीले आफ्नो नियमित ग्राहकहरूलाई सामान अभावको बेला फारो गरी सबैलाई पुर्‍याएँ। थोरबहुत परिपञ्च मिलाएँ। पुरस्कार घोषणाको हप्तादिनमा सबै पुस्तक सकियो। अझै पनि माग आइरहेको छ। धेरै प्रकाशन गृहले पुस्तक छाप्ने प्रस्ताव राखे। केहीले वर्तमान सांसद्बाट पनि पहुँच लगाए भने केही चर्चित लेखक, मदन पुरस्कार विजेताबाट पनि भनसुन गराए। कति प्रकाशन गृहले क्षेत्रीय र भौगोलिक आधार लिँदै आफूले प्रकाशन गर्न पाउनुपर्ने हकदार नै हुँ भन्न पनि पछि परेनन्। कतिले पुस्तक तुरुन्तै छाप्न प्रोत्साहित गरे। प्रकाशन गर्न माग्ने जति सबैलाई दिन सक्ने स्थिति भएन। अनि स्वतन्त्र निर्यण गरेर अहिलेका लागि साझा प्रकाशनलाई छाप्ने अनुमति दिएँ। त्यस बेलासम्म, बाँकी रहेका पुस्तक बिक्रीले प्रकाशन खर्च लगभग पुर्ताल भयो।

पुरस्कारको घोषणापछि मैले लेखेको पुस्तक समाज र राष्ट्रको लागि उपयोगी र आवश्यक नै रहेछ भन्ने लाग्यो, साथै लिम्बुवानको इतिहासले संस्थागत मान्यता पाएको बोध भएको छ। मेरो मनोबल उच्च भयो। मलाई देशको नागरिक वा साझा नागरिक भएको महशुस भई अझ दायित्व बढेको अनुभव भयो। मेरो परिवार, मेरो समाज र समग्र विद्वत् वर्गकै शीर उठेको वा ‘माङ्गेन्ना’ भएको महसुस गरेको छु। हाम्रो मुन्धुमी भाषा र संस्कारमा हामी सबै प्रकाशक परिवार आफ्नो उद्देश्यको सर्वोच्च सिद्धिस्थल ‘चोःत्लुङ्’मा पुगेका छौँ। ए .एच .मास्लो (A.H. Maslow) ले सन् १९४३ मा लेखेको ‘अ थिअरी अफ् ह्युमन मोटिभेसन’ (A Theory of Human Motivation) पुस्तकमा उल्लेख गरे अनुसार आवश्यकताको पाँच तहगत सिद्धान्तमा आत्मसम्मानको उच्च विन्दुमा पुग्न सफल भएको अनुभूत भएको छ। यसरी हाम्रो शिर ‘माङ्गेन्ना’ उठाइदिने पुरोहित ‘फेदाङ्मा’ वा ‘साम्बा’ को भूमिका निर्वाह गरिदिने गुठी परिवार तथा सहयोगी ‘साङ्लाङ्गोबा’ को भूमिका खेलिदिने समस्त सञ्चार जगत् र विद्वत् वर्गमा फेरि पनि हार्दिक नमन गर्दछु।

यो पुरस्कारले मलाई हर्षित मात्र तुल्याएको छैन। यसले त अझ गह्रुगो कर्तव्य बोध पनि थपिएको आभास भएको छ। पुस्तकको तयारीको उद्देश्यमै दर्शाएको छु कि यहाँ समावेश भएका कागजात पूर्ण छैनन्। बाँकी कागजातहरूको पनि खोजबिन गरी प्रकाशन गर्ने थप दायित्व छ। यसो नगरे हराएर वा नाशिएर नष्ट हुने छन्। अब बाँकी समय पनि यसै कार्यमा समर्पित गर्ने अठोट लिएको छु।

नेपाल एक बहुभाषिक, बहुऐतिहासिक, बहुसांस्कृतिक र बहुपहिचानले भरिएको सुन्दर मुलुक हो। यहाँ हरेकले फुल्न र फल्न पाउनु पर्दछ। यहाँका हरेक समुदायमा यस्ता मणितुल्य ऐतिहासिक कागजातहरू हुनसक्ने प्रबल सम्भावना छ। सबै जातजाति तथा समुदाय सिङ्गो देशका जग र जरा हुन्। जग बलियो भए घर बलियो हुन्छ। जरा बलियो भए रूख दह्रिलो हुन्छ।

यी जगको आधार र जराहरूको नशा खोजी एकीकृत गर्नसके देशको तथ्यपरक इतिहास लेख्न सकिन्छ। यसरी, समाजको जग र जरा मजबुत पार्न सम्बद्ध समुदायको शिर उठाउने अनुष्ठान 'माङ्गेन्ना' गर्नुपर्दछ। मलाई विश्वास छ, अरू अध्येयताहरूले पनि मैले जसरी नै सम्बन्धित ठाउँ, क्षेत्रमा रहेका ऐतिहासिक कागजातहरू खोजबिन गर्नुहुनेछ। राज्यले सबै जाति र समुदायको शिर उठाउने पुरोहित फेदाङ्गा वा साम्बाका रूपमा नेत्तृत्व लिन जरूरी छ। यसले यस्ता इतिहासका जग र जराबाट सिङ्गो देशको शिर 'माङ्गेन्ना' उठ्नेछ।

यहाँ, मदन पुरस्कार गुठी र मेरो जन्म गाउँ आठराईको सम्बन्ध केलाउन चाहन्छु। आठराईसँग गुठीको घनिष्ट सम्बन्ध छ। आठराई मूलपानी निवासी सुब्बा स्व. भानुभक्त सिटौलाको पहल र स्व. कमलमणि दीक्षितको सक्रियताले आठराई सङ्क्रान्ति बजारले मुहार फेरेको हो भन्दा अन्यथा हुँदैन। स्व. जगदम्बादेवीको दानदातव्यबाट आठराई सङक्रान्ति बजारमा खाने पानीको व्यवस्था, जगदम्बा औषधालय, जगदम्बा अतिथि भवन (३२ कोठे) क्रमशः २०१४, २०१६ र २०१९ सालमा निर्माण भएको थियो। आर्थिक वर्ष २०७७-०७८ बाट अतिथि भवन निर्माण गर्न बहुवर्षीय योजना स्वीकृत भएको छ।

अन्तमा, वि.सं .२०७७ सालको मदन पुरस्कार मलाई प्रदान गरिएकोमा पुनः मदन पुरस्कार गुठीप्रति हार्दिक आभार व्यक्त गर्दै मेरो मन्तव्य यहाँहरू माझ राख्न पाएकोमा उपस्थित सबैलाई धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद ! नोगेन् सेवारो !

भगिराज इङ्नाम
कार्तिक १० गते, २०७८ साल

शब्दार्थ

स्याहामोहरः सेन राजा तथा मन्त्रीहरूले कालो छाप लगाई जारी गरेका कागजात।

लालमोहरः पृथ्वीनारायण शाहको पालाबाट रातो छाप लगाई जारी गरेका सरकारी कागजात। लालमोहरमा राजाको गुणगान उल्लेख्य मात्रामा लेखिएको हुन्छ।

कस्यरुक्काः यो पनि राज्यले जारी गरेको कागजात हो। यसमा रातै निसाना लगाइएको हुन्छ। लेखाई लामो हुदैन र राजाको जयजय गान गरिएको हुन्न तर केही अपवाद पनि छन। संवत् १८९४ साल चैत्र १२ वद मा नरसिंह राईको नाममा जारी भएका सक्कल कस्यरुक्काको पेटबोलीका 'रूपैया ८० ठेक वंदि लालमोहर गरि वक्स्यौं' भनिएको छोटो व्यहोरा छ। त्यसलाई पनि लालमोहर मानिएको छ।

रुक्काः रातो छाप लागेको राजा वा सरकारीस्तरबाट जारी भएको कागजात जसलाई लालामोहर भनिन्थ्यो। राणा शासकबाट जारी भएकोलाई पनि रूक्का भनिन्थ्यो तर कालो छाप लगाएको हुन्थ्यो।

खड्ग: यस पुस्तकमा समावेश गरिएका सबै सक्कल लालमोहर, कस्यरुक्काहरूमा खड्गको छाप छ। खड्ग छाप भएका कागजात लालमोहर होइन भन्ने केही इतिहासकारको भनाइ रहेको पाइयो तर, यहाँ समावेश गरिएको संवत् २००७ साल फागुन २८ रोज १ को मन्त्रीमण्डल गठनसम्बन्धी लालमोहरमा खड्गको छाप छ। तसर्थ, खड्गको छाप लागेको पनि लालमोहर नै हो भन्ने बुझिन्छ।

इस्तिहार: सरकारका तर्फबाट सम्बन्धित समुदायलाई सार्वजनिक रूपमा दिइने सूचना वा विशेष आदेश, विज्ञप्ति वा जनाउ नै इस्तिहार हो। इस्तिहार दिने चलन राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको समयबाट सुरु भएको देखिन्छ। यसमा, श्री ३ र तुरुन्तै हुनेवाला श्री ३ अर्थात् रोलवालाको छाप लगाउने प्रचलन भएको पाइन्छ।

मोहर: चिन्ह आदि छाप्ने साधन; छाप; निसाना।

सनदः कसैलाई केही दिने वा कुनै बन्दोबस्त गर्ने विषयमा सरकारबाट गरिदिएको कागत, प्रमाणपत्र; सरकारी आज्ञापत्र।

पुरानिया वा लालमोहरिया सुब्बाः माटोमुरी सरकारमा नचढाई लालमोहरबाट सुब्बाङ्गी पाएका सुब्बा, निजहरूलाई चारकिल्ला तोकी रस्तीचलाई बस्ती बसाउन अधिकार दिइएको हुन्थ्यो।

फुटीसुब्बाः ६०-३० उठती हुने किपट खेत रैकर हुने गरी सरकारमा चढाएका पाउने पद, नयाँ सुब्बा पनि भनिन्छ। निजलाइ पुरानिया सुब्बा सरह अमाल चलाउने अधिकार थियो।

राईगिरी/राई पगरी: ३०-१५ उठती हुने किपट खेत रैकर हुने गरी सरकारमा चढाएमा पाउने पद। निजलाई सुब्बा सरह अमाल चलाउने अधिकार थियो।

तिरूवासुब्बाः डोके भाइ) सुब्बाका अंशियार भाइ (ले सलामी बापत रु १– थप तिरो तिरी पाउने पदवी। निजले सालिन्दा ७।५० रुपैया तिरो बुझाउनु पर्दथ्यो।

ठिङ्गे सुब्बाः अन्य सुब्बाको जस्तो अधिकार विहीन, पदावधि मात्र दिएको, तर निजको अंशमा परेको किपटभूमि रैकरमा परिणत हुन्थ्यो।

स्याहाः फारसी शब्दावलीमा कालो रङई कहने ‘सिहाय’ भनिन्छ। यसैबाट स्याहा शब्द बनेको हो।

सदस्य सचिव कल्पना पराजुलीज्यूका तर्फबाट धन्यवाद ज्ञापन

गुठीका अध्यक्षज्यू, डा. गौतमवज्र वज्राचार्यज्यू, जगदम्बा-श्रीबाट सम्मानित भैरवबहादुर थापाज्यू, मदन पुरस्कारबाट सम्मानित भगिराज इङ्नामज्यू तथा आदरणीय भद्र महिला तथा सज्जन वृन्द।

भाषा, साहित्य, कला-संस्कृति, इतिहासलाई माया गर्ने यहाँहरूप्रति हार्दिक आभार। यहाँ प्रत्यक्ष पाल्नुहुने तथा अनलाइन मार्फत् हामीलाई सुन्नुहुने यहाँहरू सबैलाई हार्दिक धन्यवाद। आजको समारोहमा गुठीसँग प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्ध राख्ने सबै अग्रजहरूको सम्झना।

आदरणीय गौतमवज्र वज्राचार्यज्यू, यहाँले प्रकृति र संस्कृतिसँग गाँसिएका हाम्रा सम्बन्धलाई हेर्ने र बुझ्ने नयाँ बाटो देखाइदिनुभएको छ। यसले राजनीतिक वा धार्मिक सीमा र बन्धनहरू भन्दा पनि पर पुगेर प्रकृतिसँग गाँसिएका हाम्रा सांस्कृतिक उत्सवहरूले हामीलाई कसरी अतीत र वर्तमानसँग एकैपटक जोडिरहेका छन् भन्ने विषयमा थप प्रष्ट पारेको छ। समसामयिक व्याख्यानका निम्ति यहाँलाई हार्दिक धन्यवाद।

आदरणीय भैरवबहादुर थापाज्यू, आफ्नो सम्पूर्ण जीवन नृत्य क्षेत्रको विकास, विस्तारमा समर्पित गर्नुहुने यहाँप्रति हाम्रो समाज सदैव ऋणी रहनेछ। नृत्य विधालाई यो उचाईमा ल्याइपुऱ्याउन, यसको प्रयोगलाई व्यापक बनाउन मात्र होइन सैद्धान्तिक व्याख्या गर्दै 'नोटेशन'का लागि सम्पूर्ण जीवन समर्पित यहाँको तपस्याले हामीलाई यस क्षेत्रमा अझ धेरै काम गर्ने र यस विधालाई अझ फैलाउने प्रेरणा मिलोस्। गत छ दशकदेखि यसै क्षेत्रमा तपस्यारत यहाँलाई सम्मान गर्न पाएकोमा गुठी परिवार हर्षित छ। यहाँलाई धेरै-धेरै धन्यवाद।

भगिराज इङ्नामज्यू, यहाँको पुस्तकले नेपाली इतिहास मात्र होइन भाषा, संस्कृति, आर्थिक तथा सामाजिक सम्बन्धका विविध आयामको व्याख्या गर्ने कामलाई अझ फैलाएको छ। प्राथमिक सामग्री सहितको यो भव्य पुस्तकले मूल सामग्रीमाथिको पहुँच बढाएको छ र व्याख्या र विश्लेषण गर्ने थप आधारहरू प्रदान गरेको छ। झण्डै-झण्डै लोप हुने अवस्थाका कतिपय ऐतिहासिक दस्तावेजहरू अब हाम्रो सामुन्ने आइपुगेका छन्। यहाँको यस कामसँगै फरक-फरक क्षेत्र र भाषाका अन्य ऐतिहासिक दस्तावेजहरू पनि सार्वजनिक हुने अभियान चल्नेछ भन्ने आशा लिएका छौँ। लामो समयपछि गैर-आख्यान विधा सम्मानित भएको छ। यो मौका दिनुभएकामा यहाँलाई धन्यवाद।

यस समारोहमा यहाँ पाल्नुहुने सम्पूर्ण महानुभावहरू, समारोहलाई घर-घर पुऱ्याइदिनुहुने पत्रकार मित्रहरू, आजको यस समारोहसम्म आइपुग्दा प्रत्यक्ष-अप्रत्यक्ष सल्लाह-सुझाव दिनुहुने शुभचिन्तक, पुस्तक समीक्षा गरिदिनु समीक्षक, भिन्न-भिन्न समितिमा रहनुहुने विज्ञ तथा गुठीका सम्पूर्ण सदस्यहरूलाई हार्दिक धन्यवाद।

यहाँहरू सबैको जय होस्।

मदन पुरस्कार गुठीबारे

मदन पुरस्कार स्थापना हुने घोषणा सर्वप्रथम २०१२ साल असोज १० गते भएको थियो।

२०१२ साल मङ्सिर २८ गतेका दिन मदन पुरस्कार गुठीको दानपत्रमा सहिछाप भयो। त्यसपछि पुस १ गतेका दिन ल.पु. पोता रजिस्ट्रेसन अड्डामार्फत सो कागत रजिस्ट्रेसन पास भएको हो।

पछि संस्था रजिस्ट्रेसन ऐन, २०१६ बमोजिम २०२० साल कार्तिक ३ गते ललितपुर म्याजिस्ट्रेट अफिस मार्फत यो दर्ता भएको छ र ल.पु. जिल्ला कार्यालयबाट पुनर्नवीकरण हुँदै आएको छ।

२०२५ सालसम्म गुठीले चार–चार हजारका जम्मा चार ओटा पुरस्कार प्रत्येक वर्ष दिन सक्ने व्यवस्था थियो। त्यसपछि दस–दस हजार रूपियाँका दुई ओटा पुरस्कार दिने व्यवस्था भयो। अनि २०३३ सालदेखि एउटा मात्र पच्चीस हजारको, २०४० सालदेखि तीस हजारको, २०४२ सालदेखि चालीस हजारको र २०४३ सालदेखि पुरस्कार पचास हजारको भयो। त्यसपछि २०५१ सालदेखि पुरस्कार १ लाखको दिने गरी नियममा संशोधन गरिएको हो। २०६१ सालको पुरस्कार राशी २ लाख रूपियाँको थियो भने २०७५ सालबाट पुरस्कार राशी चार लाख रूपियाँ भएको छ।

मदन पुरस्कार सम्बन्धी कार्यप्रणालीमा “एकपटक मदन पुरस्कार पाइसकेका व्यक्तिलाई साधारणतः अर्कोपटक पुरस्कार दिइने छैन” भन्ने धारा थपिएको छ।

संवत् २०१३ देखि मदन पुरस्कारबाट सम्मानित स्रष्टाहरूको सूची[1]

(१) २०१३

गद्य–* 'हाम्रो लोक संस्कृति' श्री सत्यमोहन जोशी

सामाजिक शास्त्र– 'जनरल भीमसेन थापा' श्री चित्तरञ्जन नेपाली

विज्ञान– *'अधिकविभव स्थिरविद्युत् उत्पादक' डा. बलराम जोशी

(२) २०१४

गद्य– *'मन' श्री लीलाध्वज थापा

विज्ञान– *'मृत्तिका उद्योग' श्री करूणाकर वैद्य

(३) २०१५

गद्य– 'कवि व्यथित र काव्यसाधना' श्री कृष्णचन्द्रसिंह प्रधान

विज्ञान– *'उद्यान' श्री गंगाविक्रम सिजापति

(४) २०१६

गद्य– *'महाकवि देवकोटा' श्री नित्यराज पाण्डे

(५) २०१७

पद्य– *'विस्फोट' श्री भीमनिधि तिवारी

सामाजिक शास्त्र– *'नेपाली राष्ट्रिय मुद्रा' श्री सत्यमोहन जोशी

(६) २०१८

गद्य– *'नयाँ सडकको गीत' श्री रमेश 'विकल'

---

[1] *अमुद्रित अवस्थामा पुरस्कृत।

(७) २०१९

पद्य– *‘आमाको सपना’ श्री गोपालप्रसाद रिमाल

(८) २०२०

पद्य– ‘नैषधीय चरित’ अनु. श्री कोमलनाथ अधिकारी

सामाजिक शास्त्र – ‘जोसमनी सन्त परम्परा र साहित्य’ श्री जनकलाल शर्मा

(९) २०२१

गद्य– ‘नेपाली भाषा र साहित्य’ श्री बालकृष्ण पोखरेल

पद्य– ‘प्राकृत पोखरा’ श्री मुकुन्दशरण उपाध्याय

सामाजिक शास्त्र– ८‘प्राचीन हिन्दु अर्थशास्त्र’ श्री नवराज चालिसे

विज्ञान– * ‘वस्त्र–निर्माणकला’ श्री लक्ष्मीबहादुर श्रेष्ठ

(१०) २०२२

गद्य– ‘शिरीषको फूल’ श्री पारिजात

(११) २०२३

गद्य– ‘स्रष्टा र साहित्य’ श्री उत्तम कुँवर

पद्य– ‘मानव महाकाव्य’ श्री मोदनाथ ‘प्रश्रित’

(१२) २०२४

गद्य– ‘एब्स्ट्र्याक्ट चिन्तन प्याज’ श्री शंकर लामिछाने

सा. शास्त्र– ‘नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास’

श्री ग्रीष्मबहादुर देवकोटा

(१३) २०२५

गद्य– 'टिपन–टापन' श्री पारसमणि प्रधान

पद्य– 'मङ्गली कुसुम' श्री धर्मराज थापा

(१४) २०२६

साहित्य– 'बेलाइततिर बरालिंदा' श्री ताना सर्मा

(१५) २०२७

दर्शन-विज्ञान– 'नेपाली निर्वचनको रूपरेखा' श्री महानन्द सापकोटा

(१६) २०२८

दर्शन-विज्ञान – 'कर्णाली लोक संस्कृति'

संयुक्त रूपमा– श्री सत्यमोहन जोशी, श्री स्थिरजङ्गबहादुर सिंह, श्री विहारीकृष्ण श्रेष्ठ, श्री चूडामणि 'बन्धु' र श्री प्रदीप रिमाल

(१७) २०२९

साहित्य – 'आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्'

श्री ईश्वरवल्लभ

(१८) २०३०

दर्शन-विज्ञान – 'लिच्छविकालका अभिलेख' श्री धनवज्र वज्राचार्य

(१९) २०३१ (कसैलाई पनि प्रदान गरिएन।)

(२०) २०३२

साहित्य – 'आगत' श्री भवानी भिक्षु

(२१) २०३३ (कसैलाई पनि प्रदान गरिएन।)

(२२) २०३४
'लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन'
डा. वासुदेव त्रिपाठी

(२३) २०३५
'घामका पाइलाहरू' श्री ध.च. गोतामे

(२४) २०३६
'नेपालका परम्परागत प्रविधि' छविलाल गजुरेल+ श्री करूणाकार वैद्य
(२५) २०३७
'नरसिंह अवतार' श्री जगदीशशमशेर राणा

(२६) २०३८
'नदी किनाराका माझी' श्री मोहन कोइराला

(२७) २०३९
'माधवी' श्री मदनमणि दीक्षित

(२८) २०४०
'अलिखित' श्री ध्रुवचन्द्र गौतम

(२९) २०४१
'प्रत्यागमन' श्री कञ्चन पुडासैनी

(३०) २०४२
'वैकुण्ठ एक्सप्रेस' – श्री मोहनराज शर्मा

(३१) २०४३

‘लिच्छवि संवत्को निर्णय’ श्री नयराज पन्त

(३२) २०४४

‘उत्सर्ग प्रेम’ श्री राजेश्वर देवकोटा

(३३) २०४५

‘ज्योति, ज्योति, महाज्योति’ श्री दौलतविक्रम विष्ट

(३४) २०४६

‘नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजापरिषद्को भूमिका’ श्री राजेश गौतम

(३५) २०४७

‘मृत्युञ्जय महाकाव्य’ श्री भानुभक्त पोखरेल

(३६) २०४८

‘पागलबस्ती’ श्री सरूभक्त

(३७) २०४९

‘पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन (वि.सं. २००७)’ श्री भवेश्वर पंगेनी

(३८) २०५०

‘माध्यमिक नेपाली गद्याख्यान’ श्री शरदचन्द्र शर्मा भट्टराई

(३९) २०५१

'सही शब्द' फादर विलियम बर्क

(४०) २०५२

'योजनगन्धा' श्री विनोदप्रसाद धिताल

(४१) २०५३

'नेपाली राष्ट्रिय झण्डा' श्री दयाराम श्रेष्ठ

(४२) २०५४

'विसर्जन' कथा सङ्ग्रह श्री लोकेन्द्रबहादुर चन्द

(४३) २०५५

'दुःखान्त नाटकको सृजना परम्परा' डा. केशवप्रसाद उपाध्याय

(४४) २०५६

'अतिरिक्त अभिलेख' श्री दिनेश अधिकारी

(४५) २०५७

'नेपालको सिमाना' श्री बुद्धिनारायण श्रेष्ठ

(४६) २०५८

'अभिनव संस्कृति कोष' श्री हरिराम जोशी

(४७) २०५९

'नेपाली कानूनको ऐतिहासिक रूपरेखा' श्री रेवतीरमण खनाल

(४८) २०६०
'नयाँ ईश्वरको घोषणा' श्री गोपाल पराजुली

(४९) २०६१
'पल्पसा क्याफे' श्री नारायण वाग्ले

(५०) २०६२
'राधा' श्री कृष्ण धरावासी

(५१) २०६३
'छापामारको छोरो' श्री महेशविक्रम शाह

(५२) २०६४
'अन्तर्मनको यात्रा' श्री जगदीश घिमिरे

(५३) २०६५
'एक हातको ताली' श्री युवराज नयाँघरे

(५४) २०६६
'नेपालका बालीनाली र तिनको दिगो खेती' श्री नरबहादुर साउद

(५५) २०६७
'जीवन काँडा कि फूल' श्री झमक घिमिरे
(५६) २०६८
'सेतो धरती' श्री अमर न्यौपाने

(५७) २०६९
'दमिनी भीर' श्री राजन मुकारूङ

(५८) २०७०
'खलंगामा हमला' श्री राधा पौडेल

(५९) २०७१
'खुशी' श्री विजय कुमार

(६०) २०७२
'ऐना' श्री रामलाल जोशी

(६१) २०७३
'धृतराष्ट्र' श्री घनश्याम कँडेल

(६२) २०७४
'योगमाया' श्री नीलम कार्की निहारिका

(६३) २०७५
'रणहार' श्री योगेश राज

(६४) २०७६
'महारानी' श्री चन्द्रप्रकाश बानियाँ

(६५)
'लिम्बुवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह सम्वत १७१९-२०२०'
श्री भगिराज इङ्नाम

७. कुनै साल पुरस्कार वितरण हुन नसकेमा त्यसको रकमबाट विद्वत्वृत्ति दिने पनि नियम छ। आजसम्म चार जनालाई मदन पुरस्कार विद्वत्वृत्ति प्रदान गरिएको छ–

१. श्री चूडामणि बन्धु – २०२०

२. श्री राममणि रिसाल – २०२३/२४

३. श्री कोमलप्रसाद सुवेदी – २०२५

४. श्री जयराज आचार्य – २०३५/३६

८. श्री कमलमणि दीक्षितको सम्पादनमा गुठीको मुखपत्र त्रैमासिक 'नेपाली' गुठीका समाचार तथा अरू लेख–निबन्धहरू लिएर २०१६ सालदेखि नियमित रूपले प्रकाशित भइरहेकोमा हाल प्रकाशन स्थगित छ।

९. प्रत्येक वर्ष कलकत्तामा डाक्टरी पढ्न जाने दुई विद्यार्थीको छनोट गर्ने काम पनि गुठीले संवत् २०१३–१४ सालदेखि गर्दै आएको छ।

१०. २०४५ सालमा गुठीले छुट्टै पुरस्कार 'जगदम्बा–श्री'को पनि स्थापना गरेको छ।

११. २०६१ साल मङ्सिर २८ गते प्रारम्भ गरेर २०६२ साल मङ्सिर २७ गतेसम्म गुठीको स्वर्णवर्ष विभिन्न कार्यक्रम गरी मनाइयो।

पुरस्कार जगदम्बा–श्रीः सामान्य जानकारी

१. आफ्ना संस्थापिका स्व. रानी जगदम्बाकुमारी देवीको स्मृति चिरस्थायी राख्ने उद्देश्यले गुठीले यो पुरस्कार, जगदम्बा–श्री स्थापना गरेको हो।

२. गुठीको साधारण सभाद्वारा स्व. रानी जगदम्बाको पैंतालीस दिनको अवसरमा मिति २०४५/६/१/२ का दिन यो पुरस्कार विधिवत् स्थापना भएको हो।

३. यो पुरस्कार मदन पुरस्कार सरह अर्थात् (हाललाई) रू. ४,००,०००।– को छ।

४. यो पुरस्कार कसरी, कसलाई, कुन प्रक्रियाले दिनु उचित हुन्छ भनी नेपाली बुद्धिजीवीहरूलाई पत्रपत्रिका र नेपाल टेलिभिजनबाट पनि आह्वान गरी सुझाव मागिएको थियो र ती सबै प्राप्त राय सुझावहरूको यथोचित कदर गर्दै गुठीले छलफल गरी मिति २०४५।१२।३०।४ का दिन 'जगदम्बा–श्री' सम्बन्धी नियमहरू पारित गर्‍यो। यी नियमहरूको मसौदा गर्ने काम पनि, 'मदन पुरस्कार' स्थापना हुँदा संवत् २०१२ सालमा गुठीको दानपत्र–नियमावलीहरू सबै तर्जुमा गर्ने, श्री शम्भुप्रसाद ज्ञवालीद्वारा नै भएको हो।

५. 'जगदम्बा–श्री' वितरण गर्नेबारेको कार्य–प्रणाली मदन पुरस्कार गुठीको नियमावलीको परिच्छेद ५–क अन्तर्गत नियम ३६ को उप–नियम (क) देखि (ज) सम्ममा परेका छन्। त्यस बाहेक मदन पुरस्कार गुठीको ज्ञापनपत्रको दफा २ (उद्देश्य) अन्तर्गत पनि निम्नअनुसार एउटा उपदफा थपिएको छः–

"श्रव्य, दृश्य वा अरू किसिमका कृतित्त्वहरूबाट नेपाली वाङ्मयको श्रीवृद्धिमा उल्लेख्य योगदान गर्ने व्यक्ति र शैक्षिक, सामाजिक वा

सांस्कृतिक माध्यमबाट नेपाली भाषाको समुन्नतिमा उल्लेख्य योगदान गर्ने व्यक्तिहरू मध्येबाट वर्षैवर्ष छनोट गरी सम्मानयोग्य ठहरिएका व्यक्तिलाई मदन पुरस्कार संस्थापिका स्व. श्री रानी जगदम्बाकुमारी देवीको स्मृतिमा 'जगदम्बा–श्री' नामले मदन पुरस्कार सरहको अर्को पुरस्कार प्रदान गर्ने।"

६. जगदम्बा–श्री पुरस्कारका लागि नेपाली भाषाको सेवालाई नै एक मात्र आधार मानिएको छ। वर्ण, लिङ्ग, धर्म, जात वा जातीयताको कुनै बन्धन वा विशेष ग्राह्यता यसमा रहँदैन। मरणोपरान्त जगदम्बा–श्री पुरस्कार साधारणतया प्रदान गरिंदैन। प्रत्येक वर्ष गठन गरिने छनौट समितिले सङ्कलन गरेका नामावलीबाट छानी एकमतले सिफारिस गरेको व्यक्तिलाई यो पुरस्कार दिइन्छ।

पुरस्कार जगदम्बा–श्री विवरण

१. संवत् २०४५ को पुरस्कार श्री नारायणगोपाललाई "तीन दशकभन्दा बढी समयदेखि सङ्गीतको माध्यमबाट नेपाली भाषाका गीतहरूलाई देश तथा विदेशमा समेत लोकप्रिय बनाउनमा उल्लेखनीय योगदान गरे बापत।"

२. संवत् २०४६ को पुरस्कार मह–जोडी (श्री मदनकृष्ण श्रेष्ठ र श्री हरिवंश आचार्यको जोडी) लाई "श्रव्य-दृश्य प्रहसनका माध्यमबाट नेपाली भाषालाई देश विदेशमा लोकप्रिय बनाउन प्रशंसनीय कार्य गरे बापत।"

३. संवत् २०४७ को पुरस्कार सिक्किमका श्री नरबहादुर भण्डारीलाई "नेपाली भाषा र साहित्यको समुन्नतिमा व्यक्तिगत तथा संस्थागत स्तरमा असाधारण योगदान गरे बापत।"

४. संवत् २०४८ सालको पुरस्कार कवि केदारमान व्यथितलाई "उत्कृष्ट काव्य कृतित्व र विभिन्न संस्थागत माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिका निम्ति आधा शताब्दीभन्दा बढी समयदेखि अनवरत रूपमा सृजनशील र क्रियाशील रही नेपाली भाषा र साहित्यको प्रतिष्ठा बढाए बापत।"

५. संवत् २०४९ को पुरस्कार नेपाली साहित्य सम्मेलन दार्जीलिङलाई "स्थापनाकाल विक्रम संवत् १९९१ देखि नै नेपाली भाषा र साहित्यको संरक्षण, प्रवर्द्धन र श्रीवृद्धिका निमित्त अनवरत क्रियाशील रही असाधारण संस्थागत योगदान गरे बापत।"

६. संवत् २०५० को पुरस्कार श्रीमती तारादेवीलाई "गत चारदशकदेखिको अथक साधनाद्वारा गायन कलामा उत्कृष्टता हासिल गरी नेपाली भाषालाई स्वदेशभित्र र बाहिर समेत सङ्गीतको मधुरिमाद्वारा

लोकप्रिय बनाई नेपाली वाङ्मयको श्रीवृद्धि गर्नमा उल्लेखनीय योगदान गरिरहे बापत।”

७. संवत् २०५१ को पुरस्कार श्री इन्द्रबहादुर राईलाई “विगत ४५ वर्षदेखि नेपाली साहित्य साधनामा निरन्तर संलग्न रही कथा, उपन्यास, निबन्ध र समालोचना आदि विविध विधामा नवीन प्रवृत्तिका उत्कृष्ट रचनाहरूद्वारा नेपाली वाङ्मयको श्रीवृद्धिका निम्ति अति विशिष्ट योगदान गरे बापत।”

८. संवत् २०५२ को पुरस्कार कोहिमा, नागाल्याण्ड, भारतका श्री हरिप्रसाद ‘गोर्खा’ राईलाई “विगत ६ दशकभन्दा बढी समयदेखि अविच्छिन्न रूपले नेपाली भाषा र साहित्यको संवर्द्धनका निमित्त विभिन्न माध्यमबाट उल्लेखनीय सेवा प्रदान गरिरहे बापत।”

९. संवत् २०५३ को पुरस्कार मोगोक, म्यान्मारका श्री ठाकुरप्रसाद गुरागाईंलाई “म्यानमारमा बसोबास गर्ने नेपाली मूलका बर्मेलीहरूका माझमा नेपाली भाषाको प्रचार–प्रसार र संवर्द्धनमा असाधारण योगदान गरी नेपाली भाषालाई जीवित राखेर यसको श्रीवृद्धि गर्नमा समर्पित भए बापत।”

१०. संवत् २०५४ को पुरस्कार गायक कलाकार श्री अम्बर गुरूङलाई “विगत चार दशक यता सङ्गीत–साधनामा निरन्तर लगनशील रही साङ्गीतिक माध्यमद्वारा नेपाली कला र संस्कृतिको उत्थानका साथै नेपाली भाषा साहित्यको श्रीवृद्धि गर्न योगदान गरे बापत।”

११. संवत् २०५५ को पुरस्कार वरिष्ठ साहित्यकार श्री गोविन्द–बहादुर मल्ल “गोठाले”लाई “नेपाली भाषा–साहित्यका विविध विधामा–खास गरेर कथा, नाटक र उपन्यासमा– गत पाँच दशकभन्दा बढी समयदेखि उच्च दर्जाका कृतिहरूको सिर्जना गरी नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान गरे बापत।”

१२. संवत् २०५६ को पुरस्कार नेपाली शिक्षा परिषद्लाई “भाषा र साहित्यतर्फ निरन्तर सक्रिय रही विभिन्न संस्थागत क्रियाकलापका माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिका लागि उल्लेखनीय योगदान गरे बापत।”

१३. संवत् २०५७ को पुरस्कार जनकविकेशरी धर्मराज थापालाई “श्रव्य–पाठ्य माध्यमबाट आधा शताब्दीभन्दा लामो समय नेपाली भाषाको सेवा गरी नेपाली वाङ्मयको श्रीवृद्धिमा विशिष्ट योगदान गरे बापत।”

१४. संवत् २०५८ को पुरस्कार डायमनशमशेर राणालाई “विगत आधा शताब्दिदेखि नेपाली साहित्यको आराधनामा संलग्न भई गद्याख्यानद्वारा उल्लेखनीय योगदान गरिरहे बापत।”

१५. संवत् २०५९ को पुरस्कार श्रीकृष्णप्रकाश श्रेष्ठलाई “नेपाली भाषाको सिर्जना, अनुसन्धान तथा प्रचार–प्रसारमा कष्टसाध्य रूपमा संलग्न भई चार दशकअघिदेखि नेपाली वाङ्मयको सेवामा समर्पित भइरहे बापत।”

१६. संवत् २०६० को पुरस्कार श्री अली मियाँलाई “विगत ६ दशकभन्दा बढी समयदेखि लोकगीत गायन र काव्यसृजनाद्वारा नेपाली लोकसंस्कृति तथा नेपाली भाषालाई समृद्ध तुल्याउन निस्पृह, निर्लिप्त र निरन्तर योगदान गरिरहे बापत।”

१७. संवत् २०६१ को पुरस्कार श्री फणीन्द्रराज खेतालालाई “आधा शताब्दीभन्दा अघिदेखि नेपाली भाषा शिक्षणका साथै अनवरत रूपमा साहित्यसेवामा लागी नेपाली भाषामा उल्लेख्य योगदान गरिरहे बापत।”

१८. संवत् २०६२ को पुरस्कार श्री भैरव रिसाललाई “गत आधा शताब्दीदेखि नेपाली छापादेखि विद्युतीय माध्यमसम्म पूर्ण रूपले संलग्न

रही नेपाली पत्रकारितालाई संवर्द्धन गर्दै नेपाली भाषाको विकासमा अद्यापि उल्लेखनीय योगदान गरे बापत।"

१९. संवत् २०६३ को पुरस्कार डा. तीर्थबहादुर श्रेष्ठलाई "नेपालीहरूलाई विज्ञानको ज्ञान गराउने कार्यमा संलग्न भई दशकौँदेखि उत्कृष्टताका साथ नेपाली भाषाको सेवामा निरन्तर लागिरहे बापत।"

२०. संवत् २०६४ को पुरस्कार श्री कृष्णप्रसाद पराजुलीलाई "व्याकरण, गीत, कविता, बालसाहित्य तथा संस्कृति लगायत विविध विधामा अनेकानेक ग्रन्थको सिर्जना गरी नेपाली वाङ्मयको अतुलनीय तथा अनवरत भाषासेवा गरिरहे बापत।"

२१. संवत् २०६५ को पुरस्कार श्री रामशरण दर्नाललाई "लोकसङ्गीत र बाजाको सङ्कलन, अध्ययन अनुसन्धान तथा लेखनका माध्यमले गत ३ दशकदेखि अनवरत रूपमा कार्यरत रही नेपाली भाषाको श्रीवृद्धिमा योगदान गरिरहे बापत।"

२२. संवत् २०६६ को पुरस्कार डा. राजेन्द्र विमललाई "गत चार दशकदेखि मिथिला क्षेत्रमा मैथिली भाषी विद्यार्थीहरूलाई नेपाली भाषामा शिक्षित गराई विद्वान् बनाउने पुनीत कार्यका साथै नेपाली भाषामा अनेकानेक ग्रन्थ रचना गरी नेपाली भाषा वाङ्मयलाई समृद्ध तुल्याउने काम समेत गरिरहे बापत।"

२३. संवत् २०६७ को पुरस्कार कवि श्री दुर्गालाल श्रेष्ठलाई "गत छ दशकदेखि आफ्नो मातृभाषा तथा नेपाली भाषामा अत्यन्त सुमधुर गीत, कविता, काव्य तथा बालसाहित्य लेखी नेपाली वाङ्ग्मयलाई समृद्ध तुल्याउने कार्य गरिरहे बापत।"

२४. संवत् २०६८ को पुरस्कार संशोधन मण्डललाई "गत छ दशकभन्दा बढी समयदेखि नेपाली इतिहास र संस्कृतिका अतिरिक्त ज्योतिष, गणित,

व्याकरण र साहित्यका फाँटमा गुरूकुलीय संगठित र संस्थागत प्रयासबाट प्रामाणिक अनुसन्धान गरी तिनको प्रकाशन तथा प्रचारका लागि 'पूर्णिमा' पत्रिकाको निरन्तर प्रकाशन गरेर नेपाली वाङ्मयको सेवा र श्रीवृद्धिमा निरन्तर रूपले उल्लेखनीय योगदान गरिरहे बापत।"

२५. संवत् २०६९ को पुरस्कार श्री रत्नशमशेर थापालाई "गत पाँच दशकदेखि नेपाली गीत र कविता लेखनमा निरन्तर लागेर नेपाली भाषाको उन्नयन र श्रीवृद्धिमा उल्लेखनीय योगदान गरिरहे बापत।"

२६. संवत् २०७० को पुरस्कार श्री शिव रेग्मीलाई "साहित्यिक पत्रकारिताको अन्वेषण, पत्रपत्रिकाको संकलन, समीक्षा, समालोचना तथा लेखनद्वारा नेपाली भाषाको अविरल रूपमा सेवा गरिरहे बापत।"

२७. संवत् २०७१ को पुरस्कार श्रीमती अङ्गूरबाबा जोशीलाई "नेपालमा नारी शिक्षाको प्रचार प्रसार एवं प्रवर्द्धनका साथै नेपाली भाषा साहित्यको श्रीवृद्धिमा निरन्तर दीर्घसाधना गरी उल्लेख्य योगदान पुर्याइरहे बापत।"

२८. संवत् २०७२ को पुरस्कार श्री लीलबहादुर क्षेत्रीलाई "६० वर्षभन्दा लामो समयदेखि नेपाली भाषा र साहित्यको श्रीवृद्धिका लागि निरन्तर समर्पित रहनुभएकाले।"

२९. संवत् २०७३ सालको पुरस्कार श्री दुर्गा बराल "बात्स्यायन'लाई 'समसामयिक विषय र विसङ्गतिहरूलाई कार्टुन चित्रमा छोटो र प्रभावकारी भाषिक अभिव्यक्तिको प्रयोग गरी समाजमा सचेतना जगाउँदै निरन्तर नेपाली भाषाको सेवा गरिरहनु भएकाले"।

३०. संवत् २०७४ सालको पुरस्कार श्री शान्तदास मानन्धरज्यूलाई "बाल साहित्यको विकास, विस्तार तथा प्रवर्धनमा पाँच दशकदेखि निरन्तर समर्पित रहनु भएकाले"।

३१. संवत् २०७५ सालको पुरस्कार श्री बैरागी काइँलाज्यू (तील विक्रम नेम्बाङ) लाई "लिम्बू भाषा तथा मुन्धुम संस्कार र संस्कृतिको अध्ययन-अनुसन्धान तथा अभिलेखन गरी नेपाली वाङ्मयको समृद्धिमा उल्लेखनीय योगदान गर्नु भएकाले"।

३२. संवत् २०७६ सालको पुरस्कार श्री शान्ति ठटालज्यूलाई "गत छ (६) दशकदेखि नेपाली गीत-सङ्गीत क्षेत्रमा समर्पित रही गीत-सङ्गीत क्षेत्रको उन्नयनमा विशिष्ट योगदान पुऱ्याउनुभएकाले"।

३३. संवत् २०७७ सालको जगदम्बा-श्री सम्मान श्री भैरवबहादुर थापाज्यूलाई "नेपाली नृत्य विधाको अध्ययन-अनुसन्धान गरी सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान मार्फत् नृत्यक्षेत्रको उन्नयनमा विशिष्ट योगदान गरेकाले"।

मदन पुरस्कार गुठीको स्वर्णवर्षमा सम्मानित व्यक्तित्व र संस्थाहरू

१. श्री आर.डी. 'प्रभास' चटौत
२. श्री घटराज भट्टराई
३. श्री चूडामणि रेग्मी
४. श्री दिलबहादुर नेवार (शिलाङ)
५. श्री भरतराज पन्त
६. श्री मणिराज उपाध्याय
७. श्री रमेश खकुरेल
८. श्रीमती राधिका राया
९. श्री श्यामदास वैष्णव
१०. श्री वसन्तकुमार शर्म्मा नेपाल
११. म्युजिक नेपाल
१२. रत्न पुस्तक भण्डार

मदन पुरस्कार/जगदम्बा-श्री विद्वत् प्रवचनका लागि आमन्त्रित विद्वान्/विदुषीहरू

२०२९ सिद्धिचरण श्रेष्ठ
२०३० सूर्यबहादुर शाक्य
२०३१ मदन पुरस्कार समारोह भएन।
२०३२ नयनबहादुर खत्री
२०३३ मदन पुरस्कार समारोह भएन।
२०३४ जगतमोहन अधिकारी

२०३५ लैनसिंह वाङ्देल
२०३६ कृष्णवम मल्ल
२०३७ रणधीर सुब्बा
२०३८ केदारमान व्यथीत
२०३९ भूपालमान सिंह
२०४० द्रोणशमशेर ज.ब.रा.
२०४१ मोहनमान सैंजु
२०४२ माधव घिमिरे
२०४३ राजेश्वर देवकोटा
२०४४ अम्बिकाप्रसाद अधिकारी
२०४५ छविलाल गजुरेल
२०४६ बैरागी काइँला
२०४७ केदारभक्त माथेमा/ ऋषिकेश शाह
२०४८ अम्बिकाप्रसाद अधिकारी
२०४९ यदुनाथ खनाल
२०५० सुरेशराज शर्मा
२०५१ ईश्वर बराल
२०५२ मदनमणि दीक्षित
२०५३ राजेश्वर देवकोटा
२०५४ माधव घिमिरे
२०५५ माधवराज गौतम
२०५६ केशरीराज पाण्डे
२०५७ लैनसिंह बाङ्देल
२०५८ वासुदेव त्रिपाठी
२०५९ माधव भट्टराई
२०६० कमलप्रकाश मल्ल
२०६१ अङ्गुरबाबा जोशी

२०६२ बालकृष्ण पोखरेल

२०६३ टङ्क सुब्बा

२०६४ सत्यमोहन जोशी

२०६५ निलाम्बर आचार्य

२०६६ बिहारीकृष्ण श्रेष्ठ

२०६७ रामप्रसाद श्रेष्ठ

२०६८ चैतन्य मिश्र

२०६९ उपेन्द्रमान मल्ल

२०७० नाङ्वाङ् छेम्पो शेर्पा

२०७१ लिलामणि पौडेल

२०७२ प्रकाश सायमी

२०७३ सुदर्शनराज तिवारी

२०७४ तीर्थबहादुर श्रेष्ठ

२०७५ रिता थापा

२०७६ शेखर पाठक / गणेश रसिक/ तीर्थ श्रेष्ठ[२]

२०७७ गौतमवज्र वज्राचार्य

[सामान्यतया उल्लिखित मितिको ठीक एक वर्ष पछि हुने मदन पुरस्कार समारोहमा विद्वत् प्रवचन दिने प्रचलन छ तर कुनै प्रवचन केही वर्ष पछाडि भएको वा फरक-फरक व्यक्तित्वले एकै वर्ष प्रवचन दिएको उदाहरण पनि छ। विस्तृत विवरणका लागि *मदन पुरस्कार: प्रवचनहरू* २०६२ हेर्नुहोस्।]

[२] २०७७।०७।०२ गते अनलाइन मार्फत् र फागुन १ गते पोखरा तथा सिलगढीमा प्रत्यक्ष सम्मान समारोह भएको हो।

मदन पुरस्कार गुठीबाट मनोनीत भई भारतको कलकत्ता स्थिति दुई मेडिकल कलेजहरूमा अध्ययन गर्न जाने विद्यार्थीहरू:

साल	**मेडिकल कलेज**	**आर.जी.कार.मेडिकल कलेज**
१९५६–५७	एम.एल लोढा, जोधपुर	+ +
१९५७–५८	तडित्कान्ति च्याटर्जी, कलकत्ता	शिशिरकुमार शाह, कलकत्ता
१९५८–५९	नवीनचन्द्र शर्मा, कलकत्ता	नरेन्द्रकुमार शर्मा, बनारस
१९५९–६०	सुन्दरमणि आ.दी., ललितपुर	कुमारी पुण्यवती शर्मा, खरसाङ
१९६०–६१	रामनिवास राठी, विराटनगर	गोपालबहादुर श्रेष्ठ, वीरगन्ज
१९६१–६२	केशरसिंह मल्ल, काठमाडौं	गोपालदास जोशी, काठमाडौं
१९६२–६३	प्रदीप शमशेर राणा, काठमाडौं	राजेन्द्रनाथ परूया, कलकत्ता
१९६३–६४	लक्ष्मीलता तुलाधर, काठमाडौं	चित्रलाल भट्टचन, बागलुङ्ग
१९६४–६५	जयाप्रसाद बराल, झापा	अनवर अहमद खाँ, तौलिहवा
१९६५–६६	शेखरबाबु रिजाल, कैलाली	कुमारी कस्तुरी श्रेष्ठ, ललितपुर
१९६६–६७	हेमन्तशमशेर राणा, काठमाडौं	जनककेशर प्रसाईं, इलाम
१९६७–६८	लुइसा राजपुत, ललितपुर	श्यामबहादुर कर्माचार्य, काठमाडौं
१९६८–६९	विजयकुमार शर्मा, तौलिहवा	जोन शर्मा (बर्मा), कलकत्ता
१९६९–७०	अरूणकुमार रौनियार, काठमाडौं	अशोकशम्शेर जबरा. काठमाडौं
१९७०–७१	केशवराज शर्मा, नेपालगन्ज	माधवप्रसाद खनाल, नेपालगन्ज
१९७१–७२	शैलेशकुमार उपाध्याय, विराटनगर	प्रकाशनारायण मल्लिक, जलेश्वर
१९७२–७३	पीयूषराज पाण्डे, काठमाडौं	+ +
१९७३–७४	धनराज अर्याल, काठमाडौं	राजेनसुन्दर श्रेष्ठ, ललितपुर
१९७४–७५	ध्रुवनाथ त्रिपाठी, वीरगन्ज	शरदकुमार शर्मा, कपिलवस्तु
१९७५–७६	अमरकुमार देउजा, काठमाडौं	मदन कोइराला, विराटनगर
१९७६–७७	अनिलबहादुर श्रेष्ठ, विराटनगर	पवित्रासिंह ढुङ्गाना, चितवन
१९७७–७८	मधु दीक्षित, काठमाडौं	सुरेशकुमार काफ्ले, सुनसरी
१९७८–८९	अञ्जु श्रेष्ठ, ललितपुर	देवेन्द्रनाथ दास, सर्लाही
१९८९–८०	विद्यादेव शर्मा, ललितपुर	सुमनशम्शेर ज.ब.रा, वीरगन्ज

१९८०–८१ सङ्गीता अधिकारी, काठमाडौं	तुहीनकान्ति भट्टाचार्य, धनुषा
१९८१–८२ दीना रायमाझी, काठमाडौं	भार्गवमणि दीक्षित, काठमाडौं
१९८२–८३ विनोद राजभण्डारी, काठमाडौं	श्रीकृष्ण भट्ट, बैतडी
१९८३–८४ स्वयम्भूमान तुलाधर, काठमाडौं	चन्द्रमोहन यादव, धनुषा
१९८४–८५ विद्या पराजुली, म्याग्दी	दीपकबाबु श्रेष्ठ, गोरखा
१९८५–८६ सञ्जय लाखे, वीरगन्ज	ज्योत्सना रिमाल, काठमाडौं
१९८६–८७ अर्पणा रिसाल, ललितपुर	मखलाल श्रेष्ठ, काठमाडौं
१९८७–८८ सङ्गीता श्रेष्ठ, काठमाडौं	जीवनकुमार आत्रेय, बर्दिया
१९८८–८९ अल्पनासिंह, सर्लाही	अजयराज पाण्डे, काठमाडौं
१९८९–९० कमलराज अर्याल, धादिङ	शरदराज सत्याल, काठमाडौं
१९९०–९१ डेला जोशी, काठमाडौं	दिनेश काफ्ले, स्याङ्जा
१९९१–९२ अपर्ना रिजाल, काठमाडौं	महेश ढकाल, काठमाडौं
१९९२–९३ मनीषा कार्की, धरान	सुबोधकुमार ढकाल, स्याङ्जा
१९९३–९४ सविना भट्टराई, काठमाडौं	सलोना श्रेष्ठ, काठमाडौं
१९९४–९५ किरण गजुरेल, काठमाडौं	विवेक शर्मा, दाङ
१९९५–९६ लुना शर्मा, काठमाडौं	सुमितराज अधिकारी, काठमाडौं
१९९६–९७ सजुमा भजु, काठमाडौं	मनोहर बुढाथोकी, सल्यान
१९९७–९८ विनिता शर्मा, काठमाडौं	नेत्रप्रसाद दवाडी, काठमाडौं
१९९८–९९ वीरेन्द्र के.सी., मोरङ	सुनिलकुमार कर्ण, सर्लाही
१९९९–२००० शोभेन्द्र गौतम, काठमाडौं	अरविन्द देव, सप्तरी
२०००–००१ सुभाष के.सी., पोखरा	दीप लामिछाने, काठमाडौं
२००१–००२ इरिना खड्का, काठमाडौं	धर्मागत भट्टराई, चितवन
२००२–००३ सुबज भट्टराई, सिन्धुपाल्चोक	भीष्म पोखरेल, काठमाडौं
२००३–००४ दीपक गौतम, स्याङ्जा	शनीश गुरूङ, पोखरा
२००४–००५ सबीन साहू, भक्तपुर	आर्जन खनाल, कास्की
२००५–००६ पवन शर्मा, पाल्पा	सुरज आले, कास्की
२००६–००७ दिवस मरासिनी, गुल्मी	सन्तोष ढुङ्गाना, पाँचथर
२००७–००८ कुमारी निशा शर्मा, काठमाडौं	लक्ष्मण ठाकुर, मोरङ
२००८–००९ नारायण अधिकारी, काभ्रे	घनश्याम तिमल्सिना, कास्की

२००९–०१०	विनुदा पौडेल, स्याङ्जा	कपिल दवाडी, काठमाडौं
२०१०–०११	प्रजिना प्रधान, काठमाडौं	मोनाली शाह, धनुषा
२०११–०१२	जेनी खरेल, काठमाडौं	शिशिर थापा, कास्की
२०१२–०१३	शंकर ढुङ्गेल, धनुषा	प्रीति आचार्य, दाङ
२०१३–०१४	निहारिका पन्त, काठमाडौं	जीत पुन, म्याग्दी
२०१४–०१५	यानी खरेल, काठमाडौं	ऋतिक देवकोटा, रूपन्देही
२०१५–०१६	सलिना श्रेष्ठ, सिराहा	सन्तोष उपाध्याय, धादिङ
२०१६-०१७	++	++
२०१७-०१८	सागर आचार्य, सिन्धुली	विजय केसी, रूकुम
२०१८-०१९	सन्ध्या पौडेल, चितवन	रमेश गौतम, तेह्रथुम
२०१९-०२०	प्रियंका शर्मा, सप्तरी	शाश्वत ढुंगाना, भक्तपुर
२०२०-०२१	सन्तोष गौतम, पर्वत	रिकेशकुमार मण्डल, सप्तरी

गुठीका सदस्यहरू

१) श्री कुन्दमणि दीक्षित *
२) डा. गोविन्द टण्डन *
३) डा. चूडामणि बन्धु
४) डा. जगमान गुरूङ
५) डा. महादेव अवस्थी
६) डा. माधव भट्टराई
७) रथी श्रीधरशमशेर ज.ब.रा. *
८) श्री अमर गुरूङ
९) श्री कनकमणि दीक्षित *
१०) श्री कल्पना पराजुली*
११) श्री भिक्टर प्रधान
१२) श्री रमेश खकुरेल
१३) श्री सुधा ओझा
१४) श्री सुलोचना मानन्धर

* गुठीका प्रबन्ध–समितिका सदस्यहरू